# परिच्छेद एक : परिचय

## १.१. पृष्ठभूमि

शिक्षाको विकास भन्नु नै राष्ट्रको विकास हो । शिक्षाको विकासका लागि राष्ट्रले लगानी गरेको हुन्छ । यसका साथै अभिभावकले पनि शिक्षामा लगानी गरेको हुन्छ । जसमध्ये आर्थिक लगानी प्रमुख हुन आउछ । तर सबै अभिभावकको आर्थिक स्थिति भने एउटै हुँदैन जसले गर्दा अभिभावले शिक्षामा गर्ने लगानी फरक-फरक हुन्छ । यही फरक-फरक आर्थिक स्थितिबाट आएका विद्यार्थीले प्राप्त गर्ने सिकाई उपलब्धि फरक पर्छ की पर्दैन भन्ने विषयमा यो अध्ययन केन्द्रित गर्न खोजिएको छ ।

जुनवेला देखि सामन्ति उत्पादनले जरा गाड्यो त्यसवेला देखि नै आय बीचमा असमानता देखापर्न थाल्यो । समाजमा कुनै दुई छाक टार्न सक्ने वर्ग भए कोही अरुलाई काम लगाई आर्थिक उपार्जन गर्ने त कोही दिनहु अरुको काम गरी नोकर बस्नु पर्ने जस्ता आर्थिक विभेदीकरणको खाडल सँग-सँगै शिक्षाको पनि विविध रुप हुँदै कोही सरकारी विद्यालयमा पढ्ने कोही उच्चकोटिका वोडिङ्ग र विद्यालयमा पढ्ने गरेको यथार्थ छ । जसले शिक्षाको क्षेत्रमा पनि आर्थिकको प्रभाव रहेको स्पष्ट देखिन्छ (काफ्ले र साथीहरु, २०६४) ।

"१०४ वर्षे राणाशासनको अन्त्य पछि नेपालको साक्षरता प्रतिशत दुई थियो । अझ महिलाहरुको साक्षरता स्थिति गणना हुने संख्यामा नै थिएन । पहाड र दुर्गम स्थानमा शिक्षाको कुनै प्रवन्ध थिएन । पुगिसरी आउने व्यक्तिहरु भारत र काठमाण्डौ जस्ता विभिन्न ठाउँमा गएर अध्ययन गर्दथे । त्यसवेला ३०० जति प्रारम्भिक तथा प्राथमिक पाठशालाहरु, १५ जति अंग्रेजी आधार र संस्कृत मिडिल स्कूलहरु, २७ जति अंग्रेजी आधार र संस्कृत हाइस्कूलहरु एउटा कलेज र १८ जति विभिन्न किसिमका शैक्षिक संस्थाहरु रहेको पाइन्छ" (पौडेल, २०५१ः ६८ पेजमा उद्धृत) ।

यस्तो कहालिलाग्दो स्थितिबाट झण्डै ५० वर्ष पछि हाल आएर २०६६ को तथ्याङ्कलाई केलाउदा प्राथमिक विद्यालय संख्या ३०९२४ निम्न माध्यमिक विद्यालय संख्या १०,६३६

माध्यमिक विद्यालय संख्या ६,५१६ विश्वविद्यालय संख्या ५ रहेको छ भने साक्षरता प्रतिशत पनि ५३.४ पुगेका छ (अन्तराष्ट्रिय मन्च, २०६६)।

यसरी हेर्दा शिक्षामा संख्यात्मक विकासले फड्को मारिसकेको भएता पनि गुणात्मक अवस्था भने अझ गिर्दो पाइएको छ। शिक्षाको गुणात्मक विकासमा अवरोध ल्याउने थुप्रै तत्वहरु छन्। ती मध्ये आर्थिक तत्व पनि एक पर्न आउछ। पक्कै आर्थिक लगानीले शिक्षाको अवस्थामा फरक पार्छ नै तर यहाँ हेर्न खोजिएको वा सोध गर्न खोजिएको विषय चाहिँ अभिभावकको आर्थिक अवस्थाले प्राथमिक तहका बालबालिकाको सिकाइ उपलब्धिमा प्रभाब पार्छ कि पार्दैन भन्ने हो। अर्थात सवल आर्थिक अवस्था र दुर्वल आर्थिक अवस्थाका बालबालिकाले प्राप्त गर्ने सिकाई उपलब्धि बीच के भिन्नता छ भन्ने हो। निश्चय पनि यो अध्ययनले शिक्षाको गुणात्मक विकासमा टेवा पुग्ने छ। नेपाल सरकारले आर्थिक स्तरले सिकाई उपलब्धिमा असर नपरोस भन्नका लागि प्राथमिक विद्यालय छात्र - छात्रा छात्रवृत्ति, स्थानिय विद्यालय छात्रवृत्ति, दलित छात्रवृत्ति, सहिदका छोराछोरीलाई छात्रवृत्ति जस्ता छात्रवृत्तिका साथै विभिन्न संघसंस्थाले छात्रवृत्तिका कार्यक्रम सञ्चालन गर्दै आएका छन। यदि आर्थिक अवस्थाले सिकाई उपलब्धिमा असर पार्दछ भने यी छात्रवृतिहरु पर्याप्त हुँदैनन्। निश्चय पनि छात्रवृत्ति जाती, वर्ग, लिङ्ग विशेष गर्नु भन्दा पनि आवश्यकताको पहिचान गरी वितरण गर्नु उपयुक्त होला। यसका लागि पनि यो अध्ययन निश्चय नै सार्थक बन्ने देखिएको छ।

## १.२. समस्याको कथन

आज समाजमा विभिन्न आर्थिक अवस्थाका मानिसहरु रहेका छन्। कोही सम्पन्न, कोही विपन्न त कोही विहान वेलुका छाक टार्न नसक्ने पनि छन्। त्यस्तै शिक्षा क्षेत्र पनि कोही गाईबाख्रा चराउदै सरकारी विद्यालयमा अध्ययन गर्छन्। कोही गाडी, मोटरमा गुडाउदै विद्यालय पुग्छन् र पोषणयुक्त खानामा रमाउछन् भने कोही एक छाक खाई खुट्टा खियाएर छानोविनाको विद्यालयमा पढ्छन्। त्यसबाट उनीहरुको फरक-फरक स्तर र उपलब्धि प्राप्त हुन्छ। के यो

आर्थिक  अवस्था कै कारणले हो त ? वा अन्य कुनै कारणले हो ? भन्ने जस्ता विषयको उत्तर खोज्न यो अध्ययन गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

शिक्षामा संख्यात्मक विकास तीब्र छ । संख्यात्मक विकासको तुलनामा गुणात्मक विकास भने न्यून देखिन्छ । संख्यात्मक विकास र गुणात्मक विकास सँगसँगै लैजानु उपयुक्त हुन्छ । तसर्थ गुणात्मक विकासका  लागि अवरोध गर्ने तत्वहरु पहिचान गरी निराकरण गर्न जरुरी छ । गुणात्मक विकासमा अवरोध गर्ने तत्वहरुमा आर्थिक लगानी, पाठ्यक्रमको उपयुक्तता र पर्याप्तता तथा तालिम प्राप्त र योग्य शिक्षक, उपयुक्त शिक्षण विधि, विद्यार्थी केन्द्रित सिकाई, पढ्ने वातावरण, अभिभावकको सहयोग आदि पर्दछन् । यी विभिन्न तत्वको अलवा विद्यार्थीको पारिवारिक आर्थिक अवस्थाले पनि गुणात्मकतामा अवश्य अवरोध गर्छ । त्यसका लागि पनि आर्थिक अवस्थाको सिकाइमा महत्वपूर्ण स्थान छ ।

हाल परीक्षा दिएका विद्यार्थीहरुमा धेरै असफल हुनु, उत्तीर्ण भए पनि बजारमा बिक्न नसक्नु  (काम पाउनु, काम पाएर पनि गर्न नसक्नु) जस्ता कारणको तथ्य पत्ता लगाउन आवश्यक हुन जान्छ । पारिवारिक आर्थिक अवस्था सवल र दुर्वलले उनीहरुको उपलब्धिमा भिन्नता छ वा छैन भनि हेर्नु उपयुक्त भएकाले यो अनुसन्धान गर्न खोजिएको हो । जसले गर्दा गुणात्मक शिक्षाको विकासमा टेवा पुग्ने आशा गर्न सकिन्छ यसका साथै यस अध्ययनले योजनाविद, शिक्षाविद्, निर्णयकर्ता, पाठ्यक्रमविद्, शिक्षक, विद्यार्थीलाई समेत फाइदा पुग्ने छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु यस प्रकार छन् :

१) प्राथमिक तहका सवल र दुर्वल आर्थिक अवस्थाका विद्यार्थीको सिकाई उपलब्धि लेखाजोखा गर्ने ।

२) पारिवारिक आर्थिक अवस्था र  सिकाइ उपलब्धि बीच तुलना गर्ने ।

३) पारिवारिक आर्थिक अवस्था र सिकाइ उपलब्धि बीचको सम्वन्धसंग गाँसिएका समस्याहरु पहिल्याउने ।

४) विद्यार्थीको सिकाई उपलब्धि बढाउने उपायहरु सुझाउने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

१) के सवल आर्थिक स्तर भएका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो छ ?

२) के दुर्वल आर्थिक स्तर भएका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो छ ?

३) के सबै आर्थिक स्थिति भएका वालवालिकाको सिकाइ उपलब्धि बढाउन सकिन्छ ?

४) के पारिवारिक आर्थिक स्तर दुर्वल भएका विद्यार्थीको आर्थिक सहयोग उपलब्ध गराएर उनीहरुको सिकाइ उपलब्धि बढाउन सकिदैन ?

५) के विभिन्न आर्थिक अवस्था भएका विद्यार्थीको उपलब्धि बढाउने उपाय हुन सक्छन् ?

६) सिकाइ उपलब्धि न्यून हुनका कारणहरु पत्ता लगाई उपलब्धि बढाउने उपाय पत्तालगाउन सकिन्छ ?

७) सवल र दुर्वल आर्थिक स्थितिका वालवालिकाको सिकाई उपलब्धि कसरी बरावर बनाउन सकिन्छ ?

## १.६. अध्ययनको परिसीमा

यो अध्ययनमा अध्ययन कर्ताको निश्चित उद्देश्य प्राप्तिका लागि गरिएको हुनाले अनुसन्धानको प्रकृतिलाई हेरी शिक्षाको गुणस्तरलाई प्रभाव पार्ने विभिन्न तत्वहरु मध्ये पारिवारिक आर्थिक अवस्थाले पार्ने असरको अध्ययन गर्न खोजिएको छ । जसमा सगरमाथा अञ्चल उदयपुर जिल्लाको मुर्कुची स्रोतकेन्द्र अन्तर्गतका २१ वटा विद्यालयहरु मध्ये ६ वटा मात्र सामुदायिक विद्यालयका कक्षा-५ को अन्तिम परीक्षाको नतिजालाई आधार मानि प्रत्येक विद्यालयबाट आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थी पहिचान गरी २-२ जना छात्र र छात्रा गरी जम्मा २४ जना मध्ये १२-१२ जनाको समूहमा यो अनुसन्धान सीमित गरिएको छ ।

## १.७. अध्ययनमा प्रयोग भएका शब्दहरुको परिभाषा

१) **आर्थिक अवस्था दुर्वल** : गरिबीको रेखामुनि रहेका विद्यार्थीलाई आर्थिक अवस्था दुर्वल भएका भनिन्छ ।

२) **आर्थिक अवस्था सवल** : धनी विद्यार्थीलाई आर्थिक अवस्था सवल भएका भनिन्छ ।

३) **विद्यालय** : विद्यालय भन्नाले नेपाल सरकारवाट नियमित अनुदान प्राप्त गरी संचालनमा रहेका सामुदायिक विद्यालयलाई जनाउँछ ।

४) **विद्यार्थी** : विद्यार्थी भन्नाले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई जनाउँछ ।

५) **प्रधानाध्यापक** : प्रधानाध्यापक भन्नाले सम्बन्धित विद्यालयका प्रमुखलाई जनाउँछ ।

६) **शिक्षक** : शिक्षक भन्नाले विद्यालयमा नियमित पठनपाठन गर्ने पुरुष र महिलालाई जनाउँछ ।

७) **स्रोतकेन्द्र** : स्रोतकेन्द्र भन्नाले निश्चित विद्यालयको समूहगत स्थितिलाई जनाउँछ ।

८) **दलित** : दलित भन्नाले राष्ट्रियरुपमा दलित भनि तोकिएका जातिहरुलाई जनाउँछ ।

९) **उपलब्धि** : उपलब्धि भन्नाले परीक्षामा पाएको प्राप्ताङ्कलाई जनाउँछ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.२. सम्बन्धित साहित्यको पुनरावलोकन

**EDSC (1999)** को प्रतिवेदन अनुसार कक्षा ५ को गणित विषयका २७.२५ प्रतिशत, नेपाली विषयमा ५१.४६ प्रतिशत, सामाजिक विषयमा ४१.७८ प्रतिशत शैक्षिक उपलब्धि देखिएको थियो । जहाँ कक्षाकोठाको वातावरण उचित नभएको, शैक्षिक सामाग्री र भौतिक व्यवस्था कम भएको विद्यार्थीका बुवाहरु साक्षर भए पनि आमा निरक्षर भएको, अभिभावक कृषिमा लागेको, विद्यार्थीलाई लामो समय हिडेर विद्यालय जानुपर्ने, विद्यार्थीसँग पाठ्यपुस्तक (कापी, कलम) नभएको, विद्यार्थीले घरको काम गर्नुपर्ने जस्ता कुराहरु अध्ययनबाट पत्ता लागेको थियो ।

अध्ययनको सुझावमा शिक्षक निर्देशिका सहायक सामग्रीहरु प्रयोग गर्ने तर्फ प्रोत्साहित गर्नुपर्ने, शिक्षकलाई तालिम उपलब्ध गराउनुपर्ने, नियमित मूल्याङ्कन अपनाउनुपर्ने, शिक्षक नियमितता, विद्यार्थी नियमितता र छात्रवृतिको उचित व्यवस्था गर्ने कुरामा सुधार ल्याउन जोड दिएको थियो ।

**गुरुङ्ग (२०५५)** को अध्ययनमा परोपकार, अनाथलयमा आश्रित वालवालिकाको सामाजिक शैक्षिक र शारीरिक आदि अवस्थाको अध्ययन गरिएको थियो । जसमा के कस्ता कारणले वालवालिका आश्रममा आश्रित हुन पुगेका हुन भन्ने निष्कर्षमा नेपाल अधिराज्यको ११ जिल्लाबाट आएका बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, शेर्पा, तामाङ्ग, लामा र सुनुवार जातका वालवालिकाले आश्रम लिएका जसमा ३१ जना बावुआमा विहिन, १ जना बावुआमाको ठेगान नभएका थिए । जसमध्ये अधिकांश टेष्ट, एस.एल.सी.मा अनुत्तीर्ण हुने गरेकोमा तिनीहरुको केही समयसम्म सिकाई उपलब्धि कम भएको र पछि उनीहरुको खाना, बसाई र शिक्षापछि आर्थिक उपार्जन तथा एस.एल.सी. पास गरेपछि विदेश पठाउने गर्दा सिकाइमा सुधार हुदै आएको र कालान्तरमा सम्पूर्ण हेरचाहले गर्दा उच्च कोटीमा समेत वालवालिका पुग्ने निष्कर्ष अध्ययनको थियो ।

**पोखरेल** (२०६२) का अनुसार चितवन जिल्लाको गीतानगर स्रोतकेन्द्र अन्तर्गत वितरित दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारीताको अध्ययनबाट छात्रवृत्तिले दलितको शैक्षिक स्थितिमा कस्तो प्रभाव पाऱ्यो भन्ने प्रश्नको निष्कर्ष निकालेका छन् । जसमा लक्षित समूहसम्म छात्रवृत्ति पुऱ्याउनुपर्ने, छात्रवृत्ति वितरणमा व्यापक प्रचार प्रसार तथा छलफल गर्नुपर्ने, छात्रवृत्तिको रकम निश्चित वर्गलाई दिइनुपर्ने, छात्रवृत्ति अन्यश्रोतमा खर्च गर्न नहुने, छात्रवृत्ति वितरणमा अभिभावक जम्मा गरिनुपर्ने सुझाव दिइएको थियो । छात्रवृत्तिले विद्यार्थी विद्यालय आउने गरेको, सिकाइमा केही सुधार भएको निष्कर्ष थियो ।

**काफ्ले र साथीहरु** (२०६४) का अनुसार भू : स्वामित्वका कारणले होस, चाहे अन्य कुनै आर्थिक कारणले सम्पन्न वर्ग सम्पन्न हुँदै जाने र विपन्न वर्ग झन विपन्न बन्दै जाने उनीहरु शिक्षाको स्रोत साधनबाट पछि पर्ने हुन्छ । सामान्तवर्गले देशको स्रोतसाधनका अलवा विदेशी भूमिबाट आयात गरेर पनि विभिन्न वस्तु उपभोग गर्छ र शिक्षा पनि लिने गर्छ भन्ने जस्ता भनाई उद्धृत गरेको छ । जुन यस अध्ययनको सहयोगी स्रोत मानिएको छ ।

**नवौ योजना** (२०५४) मा दलित र पिछडिएका जनजातिका वालवालिकालाई विद्यालय प्रवेशमा १ देखि ५ सम्म प्रति महिना रु.२५ का दरले १० महिनाको छात्रवृत्ति उपलब्ध गराउने १० वटा दुर्गम जिल्लाका विद्यालयमा भर्ना भएका सम्पूर्ण छात्रालाई छात्रवृत्ति दिने जसले शिक्षामा सहभागिता र उपलब्धि बढ्छ भनिएको छ । जुन यो अनुसन्धानको सहयोगी तथ्य वनेको छ ।

## २.१. सैद्धान्तिक खाका

कुनै पनि कार्यलाई सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार सहयोग पुऱ्याउने नीति, नियम, विचार, विमर्श र धारणा आदिको संगालोलाई सिद्धान्त भनिन्छ । सिद्धान्त निर्माण गर्न वैज्ञानिक पद्धतिको अनुसरण गरिएको हुन्छ । सिद्धान्त मानवीय कल्पनाको स्रोत पनि हो, जसलाई तार्किक रुपले अनुभवको आधारमा केही नीति नियमहरुको पालना गरी निर्माण गरिएको हुन्छ । त्यसैले यस अध्ययन कार्यलाई निम्न अनुसारका सिद्धान्तको अधिनमा राखी अगाडि बढाइएको छ ।

**Adams (1963)** ले न्यायिक सिद्धान्तको व्याख्या र विश्लेषण गरे जसमा मान्छेको अभिप्राय सँग सम्बन्धित छ । सबैलाई समान किसिमको न्यायिक सिद्धान्तको आधारमा निष्पक्ष रुपमा सम्बन्ध राख्न सकोस यसरी सबैमा सामञ्जस्यता भएको अनुभव भएमा विद्यार्थीको शैक्षिक उपलब्धि प्राप्त गर्ने कार्यमा उत्प्रेरित हुन्छन् । कोही पनि विद्यार्थी बीचमा ठुलो -सानो, कालो -गोरो, उच -निच भनि छुट्याउनु सामानता होइन । यसले शिक्षामा वर्गीय विभेद ल्याउछ जुन शैक्षिक न्यायिक सिद्धान्तको वाधक हो । आर्थिक कृयाकलाप र शिक्षा दुवै एक अर्काका पाटाहरु हुन । आर्थिक विनाको शिक्षा कल्पना गर्न सकिन्न त्यसका लागि सरकारले शिक्षामा धेरै लगानी गर्नु पर्छ जसबाट नै सामाजिक न्याय प्रदान हुन्छ (कोइराला र श्रेष्ठ, २०६४) ।

**Karl Marx (1818-1883)** का अनुसार स्रोत साधनको बाँडफाँडमा धनीले बढी हडप्ने र उसले आफ्नो पक्षमा पार्न खोज्ने गर्दछ । त्यसमा शिक्षा पनि पर्दछ । समाजमा जहिले पनि अर्थको रुपबाट विभाजन हुने, एउटा वर्ग धनी जसले जहाँ सुकै गएर वा सवै अर्थिक लगानी गरेर पनि शिक्षा लिने र अर्को वर्ग गरिब वा सर्वहारा जसले शिक्षा भन्दा पनि घरको कामकाज गर्नुपर्ने जसले शिक्षामा न्यून अवसर र उपलब्धि हासिल गर्ने गर्दछ । सामाजिक संरचनाको जालोमा निश्चित वर्ग र समूहले नेतृत्व प्रदान गर्ने र उसैले नीति नियम बनाउने, शिक्षामा पहुँच पनि उसको पुग्दछ ।  उपेक्षित र उत्पीडित वर्ग यसबाट टाढा रहन्छन् । आफ्नो अधिकारको उपभोग गर्न नपाउदा स्वभाविक द्वन्द्व उत्पन्न हुन्छ । यसलाई अस्वभाविक मान्न सकिदैन । यस्तालाई जागरुक विद्यालय मार्फत आफ्नो अधिकार, स्वतन्त्रता र मौलिकहकबाट सुसुचित बनाउँदै शिक्षाको व्यवस्था गरी अर्थोपार्जन गराउनुपर्छ (काफ्ले र साथीहरु, २०६४) ।

मार्क्स (१८१८-१८८३) ले आर्थिक विकासको सम्वन्धमा निम्न धारणा माथि प्रकाश पर्दै थप ब्याख्या गरेका छन् ।

**क) भौतिकवादि ब्याख्या**

मार्क्स (१८१८-१८८३) ले भौतिकवादी ब्याख्या अनुसार प्रत्येक समाजको वर्ग बनौटमा धनी र गरिब अथवा हुने र नहुने वर्गहरु विधमान रहन्छन् । उत्पादनको ढाँचा नै यी दुई बीचको संघर्षको मूल कारण हो किनभने समाजमा उत्पादनको ढाँचा जहिले पनि धनी र हुने

वर्गको समग्र हितको पक्षमा मिलाइएको हन्छ भने उत्पादनको साधन पनि मजदुरको विपरित भइरहेको हुन्छ । यही प्राप्तिका लागि शोषक, जमिनदार र दास, मजदुर बीच संघर्ष चलिरहेको हुन्छ ।

**ख) पूँजी सञ्चय**

मार्क्स (१८१८-१८८३) का अनुसार श्रमिकको अतिरिक्त श्रमघण्टाबाट प्राप्त अतिरिक्त मूल्यले पूँजीपतिको पूँजी सञ्चयलाई अघि वढाउँछ । पूँजीपतिको मूख्य ध्यये कसरी अतिरिक्त मूल्य वढाएर आफ्नो नाफा अधिकतम बनाउने प्रयास गर्दछ ।

**ग) पूँजीवादी सङ्कट**

जब पूजिपतिले यन्त्र र मेसिन श्रमिकलाई उत्पादन कार्यबाट विस्थापित गर्न थाल्छ । अव उसको अतिरिक्त मूल्य घट्दै गई नाफा पनि कम हुन्छ । यस्तो क्रम लामो समय सम्म बढ्दै जाँदा उत्पादन लामो समय सम्म नाफामूलक हुन सक्दैन ।

विद्यार्थीको सिकाई उपलब्धिमा  आर्थिक अवस्थाले असर पर्छ वा पार्दैन भन्ने अध्ययनमा यो सिद्धान्तले पनि थप इटा थप्ने भएकोले यसलाई अध्ययनको आधारको रुपमा लिइएको हो ।

**Frederick Winslow Taylor (1956-1917)** ले वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गर्दै मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायति तरिकाले सम्पन्न गर्न सक्छन भन्ने कुराको सही ढंगले जान्ने कलाको रुपमा ब्याख्या गरेका छन् । उनको प्रमुख मान्यता उत्पादकत्व क्षमता बढाउनु भनेको न्यूनतम लागतमा अधिकतम नाफा आर्जन गर्नु मात्र होइन कामदारलाई उत्पादन क्षमताका आधारमा पारिश्रमिक समेत बृद्धि गर्नु हो । कामदारको मनोबल उच्च राख्न उनीहरुलाई लाभांशको भागिदार समेत बनाउनु पर्दछ (Koontz & O' Donnel, 1976) ।

उत्पादनमा कमी आउने कारण व्यवस्थापनमा हुने लापर्वाही र कामदारलाई बेवास्ता गर्नु पनि हो । कठोर व्यवस्था भन्दा वैज्ञानिक व्यवस्थापनले मानवीय शक्ति र प्रयासको अधिक मात्रामा उपयोग गरी उत्पादकत्व वृद्धि गर्न सकिन्छ । कामदारलाई पुरस्कारको व्यवस्था, कामदारका कमि कमजोरी हटाउन उपयुक्त तालिमको व्यवस्था, कामदार र मालिकको बीचमा मैत्रीपूर्ण सम्बन्ध जस्ता कार्यहरुको विकास उनका महत्वपूर्ण योगदान भित्र पर्दछन (शर्मा, २०५६) ।

विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता, शैक्षिक गुणस्तर बृद्धि र योजना निर्माणका लागि यस सिद्धान्तको उपयोग हुन सक्छ । विद्यालयको योजना निर्माणका लागि कसले के के गर्ने कसरी गराउने, लक्ष्य र उद्देश्य प्राप्तिमा कसलाई कसरी परिचालन गर्ने कसलाई कुन कामको जिम्मेवारी दिने भन्ने कुराको जोड यस सिद्धान्तले दिन्छ । टाइलर (१९११) को सिद्धान्त ले विद्यालयमा उपलब्ध स्रोत र मानव संसाधनलाई अधिकतम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्रधानाध्यापक, शिक्षक, वि.व्य.स., अभिभावक, समूदायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्ने र विद्यालयका हरेक क्रियामलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउन यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यस प्रकार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शैक्षणिक क्रियाकलापलाई सुनिश्चत, संगठित र प्रभावकारी बनाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउछ । यसै गरी शर्मा (२०५६) ले वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार हुदै आएको कुरा उल्लेख गरेकाछन् ।

- शैक्षिक योजना निर्माण गरी योजना अनुसारका मानवीय, भौतिक स्रोत साधनहरुको परिचालन गरी शिक्षाका उद्देश्यहरु पूरा गर्ने गराउने कार्यको थालनी भएको ।
- प्रत्येक शिक्षक, कर्मचारीका कामहरुको विश्लेषण गर्ने र यस्तो कार्य विश्लेषणको विस्तृत रुपमा पाठ्यक्रम निर्माण समयमा निश्चित गरी पाठ्यक्रममा सामावेश गरिन थालेको ।
- विद्यार्थीका उपलब्धिहरुको मापनका लागि मूल्याङ्कनका विविध प्रक्रियाहरुको विकास गरेको ।
- शिक्षा प्रशासनमा रेखा कर्मचारी पद्धतिको संगठनात्मक प्रक्रियाको थालनी भएको ।

- शिक्षकहरुको शिक्षण दक्षता र कार्यदक्षताहरुको अभिवृद्धिका लागि तालिमको व्यवस्था गरेको ।

## २.३. शैक्षिक उपादेयता

विभिन्न लेख, रचना, सिद्धान्त, अनुसन्धान, पत्रपत्रिका, बुलेटिन आदिको अध्ययनवाट के कुराको निचोड निकाल्न सकिन्छ भने आर्थिक अभावले शैक्षिक गुणस्तरमा प्रभाव पार्ने तथ्य प्रष्ट हुन्छ । जसमा छात्रवृत्तिले सिकाई स्तर बढाएको, दलित छात्रवृत्तिले दलितलाई शिक्षामा हौसला र लगाव बढेको देखिन्छ भने विभिन्न सिद्धान्तकार, अनुसन्धानकर्ता, शिक्षाविद्ध, मनोवैज्ञानिक, लेखक आदिका अनुसार आर्थिक कारणले व्यक्तिलाई वर्गीकरण गर्ने र सिकाई उपलब्धिमा प्रभाव पार्ने वताएका थिए जसले यस अनुसन्धानमा धेरै थोरै इटा थप्न मद्धत गरेको छ ।

यस अध्ययनले अध्ययनको खाका कोर्न, भैरहेको सम्वन्धित ज्ञानको खोजि गर्न, अधययनलाई निश्चित ढाँचामा राख्न र अध्ययनलाई समृद वनाउन समेत सहयोग गर्ने छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१. अनुसन्धान ढाँचा

प्राथमिक तहका वालवालिकाको पारिवारिक आर्थिक अवस्था र उनीहरुले प्राप्त गरेको सिकाई उपलब्धि के कस्तो छ ? भन्ने पत्तालगाउनका लागि सर्वेक्षणमा आधारित विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ । यसमा सर्वेक्षणबाट प्राप्त सूचनाहरुलाई विश्लेषण र विवेचना गरी अध्ययनको निष्कर्ष निकालिएको छ । यस अध्ययनमा विद्यालयको छनौट, अध्ययन क्षेत्र, अध्ययनमा प्रयोग गरिएका साधनहरु, तथ्याङ्क संकलन प्रकृया, तथ्याङ्क विश्लेषण आदि तल उल्लेख गरिए अनुसार गरिएको छ ।

## ३.२. तथ्याङ्क सङ्कलन प्रकृया

### ३.२.१. जनसंख्या

यस अध्ययनका लागि जनसंख्या भन्नाले उदयपुर जिल्लाको मुर्कुची स्रोतकेन्द्रका २१ वटा विद्यालयहरु, २१ वटा प्र.अ.हरु, ११४ जना शिक्षकहरु, २५०० विद्यार्थीहरु र १२ जना अभिभावकहरु रहेका छन् ।

### ३.२.२. नमूनाको आकार

मुर्कुची स्रोतकेन्द्र अन्तर्गतका २१ वटा विद्यालयका प्र.अ. ६, आर्थिक अवस्था सवल र दुर्वल भएका छात्र वा छात्रा २/२ गरी जम्मा २४ जना, प्राथमिक तहका शिक्षक ६, अभिभावक १२ लाई नमूनाको रुपमा लिइएको छ ।

### ३.२.३. नमुना छनोट विधि

यस अध्ययनका लागि स्रोतकेन्द्र अन्तर्गत विद्यालय, प्र.अ., शिक्षक र विद्यार्थी गोला प्रथाद्धारा र अभिभावक सुविधाको आधारमा छनोट गरिएको छ ।

### ३.२.४. नमुना छनोटको आधार

यस अध्ययनमा छनोट गरिएका नमुनाहरु विभिन्न ठाउँको प्रतिनिधित्व हुने गरी समावेशी तथा समानुपातिक आधारमा  साधनको पर्याप्ततालाई  ध्यान दिदै उचित र वैज्ञानिक ढंगले कुनै प्रभावमा नपर्ने गरी छनोट गरिएको छ ।

## ३.३. अनुसन्धानका साधन

यस अध्ययनमा निम्नलिखित अनुसन्धानको साधन बनाइएको छ ।

क) अभिलेख (मार्कलेजर) ।

ख) प्रश्नावली ।

ग) लक्षित समूह छलफल ।

## ३.४. तथ्याङ्कका स्रोतहरु

अनुसन्धानका लागि विद्यार्थीको सिकाई उपलब्धि हेर्न अघिल्लो वर्षको कक्षा ५ को प्राप्ताङ्क विद्यालयको रेकर्डबाट हेरिएको छ जुन द्धितिय स्रोतको रहेको छ र अन्य शिक्षक ,प्र.अ. र अभिभावकलाई भराउने प्रश्नावली  प्राथमिक स्रोतको रुपमा रहेको छ ।

## ३.५. तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या

तथ्याङ्कको संकलन पश्चात विश्लेषण गरिएको छ । शुरुमा छनोटमा परेका ६ वटा विद्यालयबाट प्राप्त १२/१२ जना आर्थिक सवल भएका र आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको  तथ्याङ्क सङ्कलन गरी सोही विद्यालयका प्र.अ., शिक्षक, अभिभावकसंग प्रश्नावली भराई  र लक्षित समूहसंग छलफल गराई प्राप्त तथ्याङ्कलाई तालिकीकरण, स्तम्भचित्र, रेखाचित्र, वृतचित्रमा प्रस्तुत गरी तथ्याङ्कको प्रतिशतमान, मध्यमान, मध्यिका समेत निकाली विश्लेषण र ब्याख्या गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धानको मूलकार्य भनेकै तथ्याङ्कको विश्लेषण र व्याख्या हो । जसलाई केन्द्रिय भागका रुपमा लिइन्छ । यसकै आधारमा अनुसन्धानको सुझाव तथा निष्कर्ष निर्देशित हुन्छ ।

यस  अनुसन्धान गर्न खाजिएको विषय प्राथमिक तहका विद्यार्थीको पारिवारिक आर्थिक अवस्था र उनीहरुले प्राप्त गरेको सिकाई उपलब्धि बीच तुलनात्मक अध्ययन हो । सो अध्ययनका लागि मुर्कची स्रोत केन्द्र अन्तर्गतका २१ वटा विद्यालयहरु मध्ये ६ वटालाई छनौट गरी प्राथमिक तहका कक्षा ५ का विद्यार्थीहरुको प्राप्ताङ्क, प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावकको संयूक्त वैठक वसी आर्थिक सवल भएका र आर्थिक दुर्वल भएका विद्यार्थी पहिचान गरी अनुसूची-५ मा प्रस्तुत गरीएको छ ।

तथ्याङ्क संकलन गर्नुपुर्व विद्यार्थीको अवस्था पहिचान गरी छनौट गर्दा छात्र-छात्रा, दलित, जनजाती, मधेसी, तथा अन्य पर्ने सम्भावनालाई ध्यान दिइएको छैन । विशुद्ध उनीहरुको पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका आधारमा मात्र छनोट गरिएको छ । विद्यालयका छनोट गरिएका कक्षाको सवल आर्थिक अवस्थाका विद्यार्थी मध्ये सबै भन्दा दुर्वल भएकालाई छनोटमा जोड दिइएको छ र सोहि तथ्यका आधारमा  प्र.अ., शिक्षक, अभिभावकसँग प्रश्नावली भराई तथा लक्षित समूहसँग छलफल गराई तथ्याङ्कीय विश्लेषणको आधारमा निष्कर्ष निकालिएको छ ।

## ४.१. सवल र दुर्वल आर्थिक अवस्थाका विद्यार्थीको सिकाइ उपलब्धि

सबै विद्यार्थीको सिकाई उपलब्धि एकनासको हुँदैन । कुनै वालवालिकाको सिकाई उपलब्धि बढी हुन्छ भने कुनै वालवालिकाको कम हुने गर्दछ । उपलब्धि व्यक्ति पिच्छे फरक-फरक हुने हुनाले छनोट गरिएका विद्यालयका पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीको लिङ्गीय र जातीय अवस्था र उनीहरुले हासिल गरेका उपलब्धिलाई  प्राप्त तथ्यांकको आधारमा तल प्रस्तुत गरिएको छ ।

### ४.१.१. पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थीहरु

पारिवारिक आर्थिक अवस्था सवल हुनु नै सम्पन्न परिवार भन्ने बुझ्नु पर्दछ । सम्पन्न आर्थिक अवस्था जाती र लिङ्ग अनुसार हुन्छ वा हुँदैन भन्ने कुरालाई हेर्न छनोटमा परेका विद्यालयका विद्यार्थीको लिङ्ग र जातिय अवस्थालाई तथ्यांकको आधारमा निम्न अनुसार तालिकामा देखाइएको छ ।

तालिका : १, पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थीहरु

| क.सं. | बिद्यार्थीको नाम | कक्षा | लिङ्ग | | | जाती | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | दलित | जनजाती | अन्य | |
| १. | रोसन कार्की | ५ | ✓ | | | | ✓ | |
| २. | सविना मगर | ५ | | ✓ | | ✓ | | |
| ३. | सिर्जना समाल | ५ | | ✓ | | ✓ | | |
| ४. | केदार कार्की | ५ | ✓ | | | | ✓ | |
| ५. | विक्रम तामाङ | ५ | ✓ | | | ✓ | | |
| ६. | सम्झना दाहाल | ५ | | ✓ | | | ✓ | |
| ७. | नविन मगर | ५ | ✓ | | | ✓ | | |
| ८. | आङ्पासी सेर्पा | ५ | | ✓ | | ✓ | | |
| ९. | प्रवेश कोइराला | ५ | ✓ | | | | ✓ | |
| १०. | सुस्मिता मगर | ५ | | ✓ | | ✓ | | |
| ११. | अनिश मगर | ५ | ✓ | | | ✓ | | |
| १२. | शेखर गुरुङ्ग | ५ | ✓ | | | ✓ | | |

विद्यालय अभिलेख, ०६६

माथिको तालिकामा छनोट गरिएका जम्मा बाह्र जना विद्यार्थीहरु आर्थिक अवस्था सवल भएकामा छात्र ७ छात्रा ५ रहेका र त्यस मध्ये दलित कोहीपनि नपरेका, जनजातीहरु ८ र अन्य जाती ४ रहेको देखिन्छ । दलित एक जना पनि आर्थिक स्तर सवल रहेका देखिदैन ।

जनजातीको वाहुल्यता भएको क्षेत्र हुनाले धेरै जनजातीहरु सवल आर्थिक अवस्था रहेका तथ्याङ्कले देखाउछ ।

### ४.१.२. पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीहरु

पारिवारिक आर्थिक अवस्था दुर्वल भन्नाले गरिब, काम गरिखाने वर्गलाई बुझाउछ । उनीहरु प्राय जसो पेट भरी खान नपाउने, जिउ भरी लगाउन नपाउने हुन्छन् । यस्तो अवस्था भएका विद्यार्थिहरु कुन जाती र लिङ्गका रहेछन् भनि अनुसन्धानमा परेका विद्यालयबाट हेरी तलको तालिका २ बाट प्रष्ट पारिएको छ ।

तालिका : २, पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीहरु

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | लिङ्ग | | | जाती | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | दलित | जनजाती | अन्य | |
| १. | सुवास वि.क. | ५ | ✓ | | ✓ | | | |
| २. | सरस्वती परियार | ५ | | ✓ | ✓ | | | |
| ३. | सम्झना सार्की | ५ | | ✓ | ✓ | | | |
| ४. | राम बहादुर घले | ५ | ✓ | | | ✓ | | |
| ५. | ममता परीयार | ५ | | ✓ | ✓ | | | |
| ६. | जनक मैनाली | ५ | ✓ | | | | ✓ | |
| ७. | कृष्णा मगर | ५ | | ✓ | | ✓ | | |
| ८. | छलिमाया तामाङ | ५ | | ✓ | | ✓ | | |
| ९. | कमल खड्का | ५ | ✓ | | | | ✓ | |
| १०. | डिक ब. वि.क. | ५ | ✓ | | ✓ | | | |
| ११. | मेनुका वि.क. | ५ | | ✓ | ✓ | | | |
| १२. | सन्ते परियार | ५ | ✓ | | ✓ | | | |

विद्यालय अभिलेख, ०६६

तालिका : १ को निष्कर्ष पुष्टि गर्न तालिका : २ साहायक भएको छ । यहाँ छात्र ६ र छात्रा

६ रहेका छन् जस मध्ये दलित ६ जनजाती ४ र अन्य २ मात्र रहेको देखिन्छ । कूल १२ जना बिद्यार्थी मध्ये ६० प्रतिशत जति दलित २५ प्रतिशत जति जनजाती र १५ प्रतिशत जतिमात्र अन्य जातीहरु रहेको देखिन्छ । यस तथ्याङ्कवाट दलितहरु बढी गरिब, आर्थिक विपन्नता रहेको पूष्टि हुन्छ ।

### ४.१.३. पारिवारिक आर्थिक सवल भएका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विषयगत स्थिति

विद्यार्थीको सिकाई उपलब्धिको लेखाजोख उनीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्न जरुरी हुन्छ । विद्यार्थीले प्राप्त प्राप्ताङ्कले उसको सिकाई क्षमतालाई बुझाउछ जसअनुसार यस अध्ययनमा छनोट गरिएका पारिवारिक आर्थिक अवस्था सवल विद्यार्थीको प्राप्ताङ्क विषय स्थिति निम्न देखिन्छ ।

तालिका : ३, पारिवारिक आर्थिक अवस्था सवल भएका बिद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विषयगत स्थिति

| क्र.सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ.क | शा. | ऐ. | जम्मा | % | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रोसन कार्की | ४९ | ३८ | ३९ | ४८ | ४२ | ४० | ४० | ६४ | ३७८ | ५४ | |
| २. | सविना मगर | ७७ | ८४ | ७८ | ८१ | ७१ | ३८ | ३५ | ५६ | ५१८ | ७४ | |
| ३. | सिर्जना समाल | ६८ | ५४ | ७८ | ४२ | ६५ | २५ | २८ | ८१ | ४४१ | ६३ | |
| ४. | केदार कार्की | ३८ | ४२ | ५७ | ४८ | ३६ | ३२ | २८ | ६२ | ३४३ | ४९ | |
| ५. | विक्रम तामाङ | ३९ | ४१ | ४५ | ८४ | ३६ | २३ | २५ | ५७ | ३५० | ५० | |
| ६. | सम्झना दाहाल | ८१ | ३५ | ३८ | ४१ | ८१ | ३६ | २४ | ६३ | ३९९ | ५७ | |
| ७. | नविन मगर | ९३ | ३२ | ४८ | ३६ | ५१ | २८ | २६ | ४३ | ३५७ | ५१ | |
| ८. | आङ्पासी सेर्पा | ७५ | ६१ | ८४ | ७१ | ६८ | ४२ | ३२ | ६३ | ४२० | ६० | |
| ९. | प्रवेश कोइराला | ६५ | ३८ | ७१ | ४५ | ४८ | २६ | २४ | ६८ | ३८५ | ५५ | |
| १०. | सुस्मिता मगर | ७४ | ५२ | ७१ | ७८ | ७३ | २९ | ३६ | ६३ | ४८० | ६८ | |
| ११. | अनिश मगर | ७१ | ६२ | ६८ | ४१ | २९ | २५ | २५ | ६४ | ३८५ | ५५ | |
| १२. | शेखर गुरुङ्ग | ५१ | ६८ | ४९ | ६४ | ४६ | ३२ | ३१ | ६५ | ४०६ | ५८ | |
| | जम्मा | ७८१ | ६१७ | ७२७ | ६७९ | ६४६ | ३७६ | ३५४ | ७४९ | | ६९४ | |
| | औसत | ६५.०८ | ५१.४१ | ६०.५८ | ५६.५८ | ५३.८३ | ३१.३३ | २९.५ | ६२.४१ | | ५७.८३ | |

विद्यालय अभिलेख, ०६६

माथिको तालिकामा सवल आर्थिक अवस्था भएका विद्यार्थीको विषयगत प्राप्ताङ्क विवरणलाई देखाइएको छ । कक्षा ५ मा हाल अध्यापन गराइने आठ वटा विषयहरुका विभिन्न विद्यार्थीहरुले फरक फरक विषयमा प्राप्त गरेको प्राप्ताङ्कलाई विषयगत औसत र प्रत्येक विद्याार्थीको प्रतिशत समेत निकालिएको छ । सवै भन्दा वढी प्रतिशत अंक हासिल गर्ने सविना मगर जसले ७४ दोस्रो सुस्मिता मगरले ६८ र सवै भन्दा कम प्रतिशत केदार कार्कीले ४९ प्रतिशत मात्र प्राप्त गरेको देखिन्छ भने सवै विद्यार्थीको औसत प्राप्ताङ्क प्रतिशत ५७.८३ रहेको देखिन्छ । जसलाई औसतमा सन्तोषजनक उपलब्धि मानिन्छ ।

माथिको तालिकामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा तल मध्यमान र मध्यिका निकालिएको छ ।

**क) मध्यक**

मध्यक भन्नाले औसतलाई जनाउछ । छनोट गरिएका जम्मा १२ जना आर्थिक अवस्था सवल भएका विद्यार्थीको औसत प्रतिशताङ्कवाट मध्यमान निकाल्दा यसप्रकार हुन आउछ ।

यहाँ, विद्यार्थीको प्राप्ताङ्क (X) = ६९४

विद्यार्थी संख्या (N) = १२

मध्यमान (X) = $\frac{६९४}{१२}$

मध्यक = ५७.८३ हुन्छ ।

माथिको मध्यमानवाट १२ जना विद्यार्थीहरुले औसत ५७.८३ अंक प्राप्त गरेको देखिन्छ । जुन १०० मा औसत विद्यार्थीले ५७.८३ प्रतिशत प्राप्त गर्नुले सिकाई उपलब्धि आधा प्रतिशत भन्दा बढी वा राम्रो स्थिति भएको बताउन सकिन्छ । अर्थात सवल विद्यार्थीको सिकाई स्तर सन्तोषजनक भन्न सकिन्छ ।

**ख) मध्यिका**

मध्यिका भनेको स्थानगत औसत हो । अर्थात घट्दो वा बढ्दो कम मिलाउदा ठीक बीचको

मानलाई मध्यिका भनिन्छ । यहाँ तालिका : ३ मा प्रस्तुत गरिएको तथ्याङ्को आधारमा तल मध्यिका निकाल्ने प्रयास गरिएको छ ।

प्राप्ताङ्कलाई सानोवाट ठुलो क्रम मिलाएर राख्दा यस प्रकार हुन आउछ ।

(४५, ४९, ५०, ५१, ५५, ५५, ५७, ५८, ६०, ६३, ६८, ७४ )

मध्यिका (M) = $\frac{n + \text{१}}{\text{२}}$ औं पदमा पर्दछ ।

= $\frac{\text{१२} + \text{१}}{\text{२}}$

= $\frac{\text{१३}}{\text{२}}$

= ६.५ औं पद संख्यामा पर्दछ ।

यहाँ, ६.५ औं पद भन्नाले ५५ र ५७ को बिचमा पर्छ ।

= $\frac{\text{५५} + \text{५७}}{\text{२}}$

= $\frac{\text{११२}}{\text{२}}$ मध्यिका (M) = ५६ हो ।

आर्थिक अवस्था सवल भएका १२ जना विद्यार्थीमा बीचको प्राप्ताङ्क ५६ हो यसले बिद्यार्थीको प्राप्ताङ्कलाई दुई वारावर भागमा बाँड्दछ । अर्थात ५६ भन्दा कम प्राप्ताङ्क भएका आधा र ५६ भन्दा बढी प्राप्ताङ्क भएका आधा रहेको देखाउछ ।

## ४.१.४. पारिवारिक आर्थिक दुर्वल भएका बिद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विषयगत स्थिति

बिद्यार्थीको प्राप्ताङ्क विषय अनुसार फरक पर्दछ । कोही बिद्यार्थी कुनै विषयमा उच्च प्राप्ताङ्क प्राप्त गर्दछन् भने कोहि न्यून अंक प्राप्त गर्दछन ।

छनोट गरिएका छ वटा विद्यालयका दुर्वल आर्थिक अवस्थाका वालवालिकाको प्राप्ताङ्क के कस्तो रहेछ भनी संकलन गरिएका तथ्याङ्कलाई केलाई हेर्दा विभिन्न विद्यार्थीको विषयगत प्राप्ताङ्क तल तालिकामा देखाइ ब्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

तालिका : ४, पारिवारिक आर्थिक अवस्था दुर्वल भएका बिद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विषयगत स्थिति

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ.क | शा. | ऐ. | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सुवास वि.क. | ३५ | ४१ | ४२ | ३८ | ४७ | २० | २१ | ४६ | २९० | ४१.४२ |
| २. | सरस्वती परियार | ३८ | ५२ | ४३ | ६५ | २४ | २४ | २१ | ५६ | ३२३ | ४६.१४ |
| ३. | सम्झना सार्की | ३७ | २४ | २८ | ३९ | ५४ | २१ | २१ | ५४ | २५७ | ३६.७१ |
| ४. | राम ब.घले | ४८ | ३८ | ३२ | ३६ | ४८ | ३९ | १८ | १४ | २७३ | ३९.०० |
| ५. | ममता परीयार | ५४ | २३ | ५४ | ३८ | ४२ | २४ | २८ | ५४ | ३१७ | ४५.२८ |
| ६. | जनक मैनाली | ६५ | ५४ | २८ | ३५ | ४८ | २१ | २० | ४१ | ३१२ | ४४.५७ |
| ७. | कृष्णा मगर | २३ | ६८ | २८ | ६३ | २४ | ३८ | ३० | ४५ | ११९ | ४५.५७ |
| ८. | छलिमाया तामाङ | ४८ | ५४ | २८ | ४९ | ३८ | ४८ | १८ | ३५ | ३१८ | ४५.४२ |
| ९. | कमल खड्का | ४२ | ३६ | ४८ | ५४ | ६८ | ३० | २० | ४० | ३३८ | ४८.२८ |
| १०. | डिक ब. वि.क. | ३६ | ३४ | ४८ | ६४ | २३ | २१ | ११ | ४८ | २८५ | ४०.७१ |
| ११. | मेनुका वि.क. | ३८ | ३७ | ३२ | ३२ | ४१ | १५ | १८ | ४१ | २५४ | ३६.२८ |
| १२. | सन्ते परियार | ५४ | ०५ | ३८ | ११ | ३० | १५ | १८ | ३६ | २०७ | २९.५७ |
| | जम्मा | ४१८ | ४६६ | ४४९ | ५२५ | ४८७ | ३१६ | २४४ | ५१० | | ४९५.९५ |
| | औसत | ३४.८३ | ३८.८३ | ३७.४१ | ४३.७५ | ४०.५८ | २६.३३ | २०.३३ | ४२.५ | | ४१.३२ |

विद्यालय अभिलेख, ०६६

माथिको तालिकामा पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको विषयगत प्राप्ताङ्क विवरणलाइ देखाइएको छ । कक्षा ५ मा हाल अध्यापन गराइने आठ वटा (७०० पूणाङ्क) विषयहरुमा विभिन्न विद्यार्थीहरुले फरका फरक विषयमा प्राप्त गरेको प्राप्ताङ्कलाई विषयगत औसत र प्रत्येक विद्यार्थीको प्रतिशतमान समेत निकालिएको छ । सवै भन्दा वढी प्रतिशत अंक

हासिल गर्ने कमल खड्काले ४८.२८ र सवै भन्दा कम प्रतिशत प्राप्ताङ्क सन्ते परियारले २९.५७ प्रतिशत मात्र प्राप्त गरेको देखिन्छ भने सबै विद्यार्थीको औसत प्राप्ताङ्क प्रतिशत ४१.३२ रहेको देखिन्छ जसलाई औसत उपलब्धि न्यून भएको मानिन्छ ।

माथिको तालिकामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको आधारका मध्यमान र मध्यिका निकाल्दा यस प्रकार हुन आउछ ।

**क) मध्यक**

पारिवारिक आर्थीक अवस्था दुर्वल भएका वाह्र जना विद्यार्थीले प्राप्त गरेको प्रतिशताङ्क वाट मध्यमान निकाल्ने प्रयास गरिएको छ । जसलाई ब्याख्या समेत गरिएको छ ।

यहाँ, विद्यार्थीको प्राप्ताङ्क (X) = ४९५.९५

विद्यार्थी संख्या (N) = १२

मध्यमान (X) = $\frac{४९५.९५}{१२}$ = ४१.३२

माथिको मध्यमानवाट १२ जना विद्यार्थीहरुमा प्रति विद्यार्थी औसत ४१.३२ प्रतिशताङ्क अंक प्राप्त गरेको देखिन्छ । यसको अर्थ न्यून अवस्थाका विद्यार्थीको औसत प्रतिशताङ्क ४१.३२ रहेको जुन उतिर्ण मानक भन्दा ८ अंक मात्र बढी भएको देखिन्छ । जसलाई सिकाई उपलब्धि न्यून मानिन्छ ।

**ख) मध्यिका**

तालिका : ४ मा प्रस्तुत गरिएको तथ्याङ्कको आधारमा तल मध्यिका निकाल्ने प्रयास गरिएको छ  जहाँ प्राप्ताङ्कलाई सानोवाट ठुलो कम मिलाएर राख्दा यस प्रकार हुन आउछ ।

२९.५७, ३६.२८, ३६.७१, ३९.००, ४०.७१, ४१.४२, ४४.५७, ४५.२८, ४५.४२, ४५.५७, ४६.१४,४८.२८

मध्यिका (M) = $\frac{n+१}{२}$ औं पदमा पर्दछ ।

= $\frac{१२+१}{२}$

= १३
२ = ६.५ औं पद संख्यामा पर्दछ ।

यहाँ, ६.५ औं पद भन्नाले ४१.४२ र ४४.५७ को बिचमा पर्छ ।

= ४१.४२ + ४४.५७
२

= ८५.९९
२

मध्यिका (M) = ४२.९९ हो ।

माथिको तथ्याङ्कको आधारमा के विश्लेषण गर्न सकिन्छ भने पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको मध्यिका ४२.९९ रहेको छ जुन ज्यादै कम रहेको बुझ्न सकिन्छ ।

प्राथमिक तहका सवल र दुर्वल आर्थिक स्थिति भएका बिद्यार्थीहरुलाई अध्ययन गर्दा नमूना छनोटमा परेका बिद्यालयहरुमा लिङ्गीय र जातीय अवस्थालाई हेर्दा सवल आर्थिकका जम्मा १२ मध्ये ७ जना छात्र र ५ जना छात्रा रहेका जसमा दलित कोहिपनि नपरेका, जनजाती ८ र अन्य ४ मात्र रहेको र दुर्वल आर्थिक अवस्थाका १२ मध्ये ६/६ जना छात्र-छात्रा र जातीगत रुपमा ७ जना दलित ३ जनजाती र २ अन्य रहेको देखिन्छ । यसले के प्रष्ट गर्दछ भने कार्ल माक्स (१८१८-१८८३) ले उल्लेख गरे अनुसार महिला, दलित, जनजातीहरु शिक्षा लगायत अन्य उत्पादनिक क्षेत्रमा पछि हुन्छन् भन्ने तथ्य सार्थक हुन्छ भने गुरुङ्ग (२०५५) ले पनि सोही कुरालाई समर्थन गर्दै दलित, जनजाती र महिलाहरु शिक्षामा पछि पर्ने वताएका छन् भने यस अध्ययनको वस्तुगत स्थितिले पनि महिला, दलित शिक्षा क्षेत्रमा पछि परेको देखिन्छ ।

पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको स्थितिलाई हेर्दा सवल अवस्था भएका बिद्यार्थीले औसत ५७.८३ र दुर्वल अवस्थाका विद्यार्थीले ४१.३२ प्रतिशत अंक प्राप्त गरेको देखिन्छ । एड्मस् (१९६३) ले पनि आर्थिक क्रियाकलाप र शिक्षा दुवै एक अर्काका पाटाहरु हुन । धन विनाको शिक्षा कल्पना गर्न नसकिने वताएका सोहीलाई जोड दिदै काफ्ले र साथीहरु (२०६४) ले सामन्त वर्गले देशको स्रोत र साधनका अलावा शिक्षा पनि आफ्नो हातमा पार्न खोज्छ भन्ने वताएका र यस अध्ययनमा पनि धनी वर्ग भन्दा गरिबको सिकाई उपलब्धि तल रहेको देखिन्छ ।

## ४.२. पारिवारिक अवस्था र सिकाई उपलब्धि बीच तुलना

उपलब्धि तुलना गर्नु भनेको प्राप्ताङ्कको कम वेसीलाई हेर्नु हो । विद्यार्थीको उपलब्धि कुनै विषयगत प्रकृति, विद्यार्थीको रुची, उमेर, स्तर र विषयगत जटिलतामा पनि निर्भर पर्दछ । उपलब्धिको तुलना गर्दा सवल र दुर्वल अवस्थाका विद्यार्थीको विभिन्न विषयको औसत प्राप्ताङ्क, मध्यक, मध्यिकालाई हेर्नु पर्दछ । यस अध्ययनमा यसै आधारमा प्राथमिक तहका सवल र दुर्वल अवस्थाका वालवालिकाहरुको विषयगत, मध्यमान र मध्यिका फरक-फरक रुपमा प्रस्तुत गरी तालिका, चित्रवाट पनि तुलना गर्ने प्रयास गरिएको गरिएको छ ।

### ४.२.१. पारिवारिक आर्थिक सवल र दुर्वल भएका विद्यार्थीहरुको पाप्ताङ्कको तुलनात्मक स्थिति

प्राथमिक तहमा अध्ययन गर्ने जम्मा आठ वटा ७०० पूणाङ्कका विषयहरु हुन्छन् । सि.अ.क. र शारीरिक ५०/५० र वाँकी सवै १०० पूणाङ्क हुने गर्दछ । छनोट गरिएका विद्यार्थीहरुको औसत विषयगत प्राप्ताङ्क उनीहरुको प्राप्ताङ्क हो । जसले विषयगत उपलब्धिलाई वोध गराउछ । यहाँ सवल र दुर्वल आर्थिक अवस्थाका विद्यार्थीको विषयगत स्थिति र यस बिचको भिन्नता देखाइएको छ ।

तालिका : ५, पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीहरुको पाप्ताङ्कको तुलनात्मक स्थिति

| क.सं. | विषय | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थीको औसत प्राप्ताङ्क | पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको औसत प्राप्ताङ्क | भिन्नता |
|---|---|---|---|---|
| १. | नेपाली | ६५.०८ | ३४.८३ | ३०.२५ |
| २. | गणित | ५१.४१ | ३८.८३ | १२.५८ |
| ३. | सामाजिक | ६०.५८ | ३७.४१ | १३.१७ |
| ४. | अंग्रजी | ५६.५८ | ४३.७५ | १२.८३ |
| ५. | वातावरण शिक्षा | ५३.८३ | ४०.५८ | १३.२५ |
| ६. | सि.अ.क. | ३१.३३ | २६.३३ | ५.०० |
| ७. | शरीरिक | २९.५ | २०.३३ | ९.१७ |
| ८ | ऐच्छिक | ६२.४१ | ४२.५ | १९.९१ |

विद्यालय अभिलेख,२०६६

माथिको तालिकामा पारिवारिक आर्थिक अवस्था सवल भएका र दुर्वल भएका विद्यार्थीको विषयगत औसत  प्राप्ताङ्कलाई देखाइएको छ  । सवै भन्दा वढी नेपालीमा औसत पाप्ताङ्को फरक ३०.२५ रहेको र सवैभन्दा कम सि.अ.क.मा ५ मात्र फरक रहेको तथ्यवाट देख्न सकिन्छ भने अन्य विषय जस्तै गणित, सामाजिक, अंग्रेजी, वातावरण, शारीरिक र ऐच्छिकमा १२.५८, २३.१७, १२.८३, १३.२५, ९.१७, र १९.९१ को फरक रहेको छ । यसलाई स्तम्भ चित्रमा देखाउदा निम्न हुन आउछ ।

चित्र : १, पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति

संकेत

विषय

| | | | |
|---|---|---|---|
| १ - नेपाली | २ - गणित | ३ - सामाजिक | ४ - अंग्रजी |
| ५ - वातावरण शिक्षा | ६ - सि.अ.क. | ७ - शारीरिक | ८ - ऐच्छिक |

पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीहरुको प्राप्ताङ्कलाई रेखाचित्रमा देखाउदा निम्न अनुसार हुन आउछ ।

चित्र : २, पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति

विषय

१ - नेपाली २ - गणित ३ - सामाजिक ४ - अंग्रजी

५ - वातावरण शिक्षा ६ - सि.अ.क. ७ - शारीरिक ८ - ऐच्छिक

माथिका स्तम्भ चित्र र रेखाचित्रमा पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थीको प्राप्ताङ्कको स्तम्भ चित्र माथि उठेको देखिन्छ भने आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको स्तम्भ कम मात्र उचाई रहेको छ त्यसै गरी रेखा चित्रमा पनि सवल अवस्थाका वालवालिकाको औसत प्राप्ताङ्को रेखा मथि रहेको देखिन्छ भने दुर्वल अवस्थाका वालवालिकाको औसत प्राप्ताङ्क तल रहेको देखिन्छ।

### ४.२.२. मध्यक र मध्यिकाको आर्थिक अवस्था अनुसारको तुलनात्मक स्थिति

मध्यक भनेको औसत प्राप्ताङ्क हो भने मध्यिकाले पनि आधा आधा विभाजन वा बीचको विन्दु भन्ने वुझाउछ । मध्यक र मध्यिका अनुसार पनि विद्यार्थीको प्राप्ताङ्को भिन्नताले अध्ययनका लागि सहयोग गर्दछ त्यसैले यस अध्ययनमा आर्थिक अवस्था अनुसार विद्यार्थीले प्राप्त गरेको मध्यक र मध्यिका बीच के कति भिन्नता छ भन्ने हेर्न तलको तालिकाले देखाउछ।

तालिका : ६, मध्यक र मध्यिकाको आर्थिक अवस्था अनुसारको तुलनात्मक स्थिति

| **क्र.सं.** | **आर्थिक अवस्था** | **मध्यक** | **मध्यिका** | **कैफियत** |
|---|---|---|---|---|
| १. | आर्थिक अवस्था सवल | ५७.८३ | ५६.०० | |
| २. | आर्थिक अवस्था दुर्वल | ४१.३२ | ४२.९९ | |
| | भिन्नता | १६.५१ | १३.१ | |

तथ्याङ्कीय प्रयोगवाट प्राप्त नतिजा, २०६६

माथिको तालिकालाई मध्यजनर गर्दा सवल आर्थिक अवस्था र दुर्वल आर्थिक अवस्था भएका विद्यार्थीको प्राप्ताङ्को मध्यक र मध्यिकाको स्थितिलाइ प्रस्तुत गरिएको छ । दुवै अवस्थाका विद्यार्थीको शैक्षिक स्थितिको तुलना गर्न यसले सघाएको छ । दुवै अवस्थाका विद्यार्थीको सिकाई उपलब्धिको मध्यमानको भिन्नता १६.५१ र मध्यिकाको भिन्नता १३.१ रहेको देखिन्छ। जसलाई अर्थिक अवस्था सवलको भन्दा दुर्वलको मध्यक र मध्यिका दुबैमा धेरै फरक रहेको भन्न सकिन्छ।

### ४.२.३. वालवालिकाको सिकाई उपलब्धि कमजोर हुनुको कारण

वालवालिकाको सिकाइलाई कुनै एक तत्वले मात्र प्रभाव पार्दैन । सिकाइलाई उसको घरपरिवार, विद्यालय, समाज, विद्यार्थीको शारीरिक, मानसिक स्थिति आदिले प्रभाव पार्दछ । यहि कारणले कोही विद्यार्थीको उपलब्धि राम्रो हुन्छ भने कसैको नराम्रो हुने गर्दछ । वालवालिकाको उपलब्धिमा कमजोर वनाउने तत्व मध्ये सवै भन्दा वढी प्रभाव पार्ने तत्वको सन्दर्भमा छनोटमा परेका प्र.अ., शिक्षक, अभिभावकलाई भराइएको प्रश्नावलीबाट निम्न नतिजा आएको थियो । जसलाई तालिकामा देखाई व्याख्या गर्ने प्रयास गरिएको छ ।

तालिका : ७, वालवालिकाको सिकाई उपलब्धि कमजोर हुनुको कारण

| कारण | प्र.अ. | शिक्षक | वि.व्य.स./अभिभवक | जम्मा |
|---|---|---|---|---|
| आर्थिक अवस्था | ४ | ५ | ६ | १५ |
| दिमागको कारण | - | १ | २ | ३ |
| विद्यार्थीको लगनशिलत | २ | - | १ | ३ |
| शिक्षक तालिम | - | - | ३ | ३ |
| जम्मा | ६ | ६ | १२ | २४ |

प्रश्नावलीवाट प्राप्त नतिजा, २०६६

माथिको तालिकामा प्र.अ., शिक्षक, अभिभावकलाई सिकाई कमजोर हुने कारणहरु के होलान् ? भन्ने प्रश्नमा ४ जना प्र.अ. ले आर्थिक अवस्था २ जनाले बिद्यार्थीको लगनशिलता भन्ने जवाफ दिएको पाईयो भने सोही प्रश्न शिक्षकलाई गर्दा ६ जना मध्ये ५ जानाले आर्थिक अवस्था, १ जनाले दिमागको कारण भन्ने जावाफ प्राप्त भयो भने १२ जना वि.व्य.स./अभिभावकलाई सोहि प्रश्न गर्दा ६ जना आर्थिक अवस्था, २ जना दिमागको कारण, १ जना विद्यार्थीको लगनशीलता र ३ जनाले शिक्षकको तालिम भन्ने जवाफ दिएको पाइयो । समग्रमा हेर्दा जम्मा २४ जना मध्ये १५ जना आर्थिक अवस्था भन्ने पक्षमा देखिन्छन् भने अन्य कारणहरुमा ३/३ जना मात्र रहेको देखिन्छ वा ६२ प्रतिशत भन्दा वढी आर्थिक अवस्थाले सिकाइ उपलब्धिमा प्रभाव पार्ने भन्ने पक्षमा रहेको देखिन्छ ।

माथिको तालिका लाई अझ प्रष्ट पार्न तल वृतचित्रमा देखाउने प्रयास गरिएको छ ।

चित्र : ३, वालवालिकाको सिकाई उपलब्धि कमजोर हुनुको कारण

माथिको तालिकालाई वृतचित्रमा देखाउदा आर्थिक अवस्थाले सिकाई उपलब्धि कमजोर हुन्छ भन्नेहरुको प्रतिशत ६२ र अन्य कारणले वताउनेहरु कम रहेको देखिन्छ । धैरै प्र.अ.,शिक्षक, र अभिभावकले आर्थिकलाई नै उपलब्धिको निर्धारक मानेको देखिन्छ ।

पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका छनोट गरिएका विद्यालयका विद्यार्थीहरुको विषयगत प्राप्ताङ्कको नतिजालाई हेर्दा सवल अवस्थाका विद्यार्थीको सिकाई उपलब्धि सवै भन्दा वढी नेपालीमा ६५.०८ र सवै भन्दा कम गणितमा ५१.४१ र दुर्वल अवस्थाका विद्यार्थीको सबै भन्दा वढी अंग्रजीमा र सबै भन्दा कम नेपालीमा रहेको देखिन्छ भने प्राप्ताङ्कको आधारमा सवै भन्दा कम भिन्नता रहेका विषयमा शारीरिक र सि.अ.क. देखिन्छ जसमा ५ र ९.१७ मात्र रहेको छ जसवाट के आँकडा गर्न सकिन्छ भने Taylor (1956-1971) ले कामदारलाई पुरस्कार, तालिम प्रदान गरी मालिक र मजदुर बीच मैत्रिपूर्ण सम्वन्ध कायम भएमा मात्र उत्पादकत्व वढाउन सकिने वताएका ESDC(1999) को प्रतिवेदनले पनि शैक्षिक सामग्री र भौतिक पूर्वाधार उचित नहुदा सिकाई खस्कने वताएको सोही अनुसार सि.अ.क. र शारीरिकमा गरेर सिक्ने, छलफलवाट सिक्ने, शैक्षिक सामग्रीबाट सिक्ने भएकोले उक्त विषयहरुमा आर्थिक अवस्था फरक भएपनि सिकाइमा खासै प्रभाव नपरेका देखिन्छ ।

वालवालिकाको सिकाई कमजोर गराउने प्रमुख कारण के हो ? भन्ने समस्यालाई अध्ययन गर्नका लागि छनोट गरिएका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.गरी २४ जनालाई भराइएको प्रश्नावलीमा ६२ प्रतिशत वा १५ जनाले आर्थिक अवस्थाले सिकाईमा प्रभाव पार्ने वताएका छन्  जसवाट मार्क्स (१८१८-१८८३) ले पनि सोहि कुरालाई जोड दिदै शिक्षा आर्थिक क्रियाकलाप सँग जाोडिने गर्दछ । जो सँग आर्थिक अभाव छ उसले शिक्षा भन्दा पनि आधारभूत अवश्यकता जस्तो गाँस, वास, कपासको समस्या सुल्झाउन तिर लाग्दछ । यहि तथ्यलाई जोड दिदै काफ्ले र साथीहरु (२०६४) ले पनि आर्थिक कारणले सम्पन्न झन सम्पन्न वन्ने, विपन्न झन विपन्न वन्ने, उनीहरु शिक्षावाट पनि टाढारहने गर्दछन् भनि वताएका छन् । सोही अनुसार यस अध्ययनबाट पनि के वताउन सकिन्छ भने आर्थिक तत्वले शिक्षालाई नछाड्ने वताउन सकिन्छ ।

## ४.३. सिकाई उपलब्धि र पारिवारिक आर्थिक स्थितिसंग सम्वन्धित समस्याहरु

उदयपुर जिल्लाको मुर्कुची श्रोतकेन्द्र अर्न्तगतका सामूदायीक विद्यालयमा सवल र दुर्वल आर्थिक अवस्था अनुसार सिकाई उपलब्धिलाई केलाउँदा छनोटमा परेका विद्यालयहरुमा छलफल, भेटघाट, विद्यार्थीहरुको उपलब्धि, शिक्षक, अभिभावक र प्र.अ.लाइ गराइएको प्रश्नावलीको आधारलाई हेर्दा व्यापक समस्याहरु पाइयो जुन निम्न अनुसार अलग-अलग प्रश्तुत गरिएको छ ।

### ४.३.१. विद्यार्थीमा देखिएका समस्याहरु

सिकाई उपलब्धिको नाप तौल विद्यार्थीबाट गर्न सकिन्छ । विद्यार्थीको उपलब्धि नै समग्र सिकाई उपलब्धि हो । विद्यार्थी कमजोर हुनु भनेको सिकाई उपलब्धि न्यून हुनु हो ।  यस अध्ययनमा छनोट गरिएका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क, व्यवहार, अनुभव आदिको आधारमा देखापरेका समस्याहरु निम्न छन् ।

आफ्नो घरको ढिडो, रोटी खाएर सुनौलो भविष्यका लागि विद्यालय पुगेका विद्यार्थीहरु पढाइ लेखाइ भन्दा घरको काममा ध्यान लगाएका छन् । कहिले घाँस दाउँरा, कहिले भाइवहिनी हेर्ने त कहिले अरुको कामगर्न जाने जस्ता कामहरुले गर्दा उनीहरुको उपलब्धि दैनिक खस्किरहेको छ । काम गर्ने समयमा विद्यालय जानुपर्ने, विद्यालयमा पढेर पास गर्दा पनि काम नपाइने, टिउसन, कोचिङ्ग र विशष कक्षा पढ्न पुस्तक, कापी कलम नभएको, समयमा खाजा र पौष्टिक आहारा अभाव भएकोले उनीहरु विद्यालय छाड्न बाध्य हुने वताउछन् । उनीहरु मध्ये आर्थिक कमजोरीले सिकाई उपलब्धि कम रहेको र त्यसमा बढी दालितहरु रहेको देखिन्छ ।

## ४.३.२. शिक्षकले औल्याएका समस्याहरु

शिक्षण सिकाईको महत्वपूर्ण व्यक्ति शिक्षक पनि हो । शिक्षक विद्यार्थीको सिकाई उपलब्धिको जिम्मेवारीवाट कहिल्यै भाग्न पाँउदैन त्यसैले शिक्षकले विद्यार्थीको सिकाई उपलब्धिमा देखिएका समस्याहरुलाई निम्न अनुसार अनुच्छेदमा दिइएको छ ।

सिकाई उपलब्धिमा प्रभाव पार्ने प्रमूख तत्व आर्थिक हो । धनीका छोराछोरी पुस्तक, कापी, कलम पोशाक हेरचाह जस्ता कारणले उपलब्धि कमी हुने, विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी नभएको, एउटै कक्षामा एकसय भन्दा बढी विद्यार्थी राखेर पढाउनु पर्ने, तालिमको अभाव, राज्यले शिक्षकलाई वेवास्ता गरेको, शिक्षक सेवा सुविधामा ध्यान नदिने, वताए र अनौपचारिक शिक्षालाइ जोड दिदा गरिबको छोराछोरी पनि पढ्ने वताए ।

## ४.३.३. प्र.अ.ले औल्याएका समस्याहरु

विद्यालयको प्रशासनिक प्रमूख प्र.अ.हो । शिक्षण सिकाइको हिस्सेदार प्रधानाध्यापक नै हुने गर्दछ । सिकाई उपलब्धि सन्तोषजनक भएमा विद्यालय राम्रो मानिने हुन्छ । यस अनुसन्धानमा प्र.अ.वाट प्राप्त समस्याहरु निम्न छन् ।

सामुदायीक विद्यालयमा विभिन्न शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको अभाव, पुस्तकालय स्थापना गर्न आर्थिक अभाव, सवै तालिम प्राप्त शिक्षक नभएको, प्र.अ.पनि तालिम प्राप्त

नभएका, प्रा.वि.तहमा बढी समय काज जनाई जिल्लामा नै धाउने, विद्यालयको भन्दा पनि अन्य ठेक्का पट्टामा ध्यान दिने गरेको विद्यार्थी उपस्थितिदर कम हुने, उपस्थिति हुने पनि टिफिनमा भाग्ने, कोही घरको कामको समस्या देखाइ जाने, विचैमा कक्षा छाड्ने क्रम बढ्दो रहेको, अनौपचारिक शिक्षावाट छुटेकालाई विद्यालयमा ल्याउन नसकिएको जस्ता समस्या वताएका र सिकाई उपलब्धि कम हुने कारणमा उसको मानसिक स्तर, परिवारिक वातावरण, वुवाआमाको चेतना, घरको कामको वोझ आर्थिक विपन्नता, शिक्षाको गुणस्तर नहुनु जस्ता समस्याले हुने गरेको औल्याएका पाइन्छ ।

### ४.३.४. अभिभावक/वि.व्य.स.वाट औल्याएका समस्याहरु

विद्यालय र समूदाय बीच अन्योन्याश्रित सम्वन्ध हुन्छ । विद्यालयलाई एउटा समूदायको सम्पतिको रुपमा लिइन्छ । समुदाय विना विद्यालय चल्न नै सक्दैन । जसको भूमिका वि.व्य.स.लाई दिइएको हुन्छ । यस अध्ययनमा वि.व्य.स.तथा अन्य सरोकारवालाले औल्याएका समस्याहरु निम्न छन् ।

अधिकांश शिक्षकहरु विद्यालयमा अनुपस्थित हुने, विद्यालयको कार्यलाई जिम्मेवारी नसम्झने, ठेक्का पट्टामा र संघ संगठनमा लाग्ने, सरकारले शिक्षामा कम लगानी गरेको, विस्तारै विद्यालयवाट हात झिक्न थालेको, थप दरवन्दी, पाठ्यपुस्तक, निःशूल्क वृति, छात्रवृति, पोशाक विद्यालय भवन निर्माण देखि भौतिक पूर्वाधारमा सरकार उदासिन रहेको समस्या देखाएका छन् ।

## ४.४. सिकाई उपलब्धि वढाउने उपायहरु

एकै परिवारका दुई जुम्लिया वच्चाको पनि सिकाई उपलब्धि समान हुँदैन । विद्यार्थीलाई विभिन्न कारणले सिकाई उपलब्धिमा असर गरिरहेको हुन्छ । जन्मजात गुणले मात्र कोही कमजोर हुँदैन । जन्म पश्चात पनि विविध कारणले सिकाईमा प्रभाव पारिरहेको हुन्छ । वालवालिकाको सिकाई वढाउनका लागि अनेकौ प्रयासहरु गरिरहनु पर्दछ । यस अध्ययनको

साहाराले यस प्रकृतिका वा कमजोर सिकाई भएका विद्यार्थीको उपलब्धि वढाउन के गर्नुपर्ला भन्ने विषयलाई छनोट गरिएका सम्वन्धित पक्षको तथ्याङ्कलाई क्रमश तल दिइएको छ ।

### ४.३.१. सिकाई उपलब्धि वढाउन अवलम्वन गर्नुपर्ने उपायहरु

सिकाई उपलब्धि वढाउनु भनेको स्तरिय जनशक्ति निर्माण गर्नु वा राष्ट्रिय उद्देश्य र पाठ्यक्रमका उद्देश्य पूरा हुनु हो । जसले सक्षम जनशक्ति तयार हुन्छ । वालवालिकाको सिकाई उपलब्धि वढाउनका लागि के गर्नुपर्ला भनि छनोट गरिएका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक लाई प्रश्नावाली भराउदा उनीहरुले दिएको नतिजाको आधारमा तालिका र स्तम्भ चित्रमा देखाई ब्याख्या समेत गरिएको छ । जसलाई क्रमश तल प्रस्तुत गरिएको छ ।

तालिका : ८, सिकाई उपलब्धि वढाउन अवलम्वन गर्नुपर्ने उपायहरु

| उपायहरु | प्र.अ. | शिक्षक | वि.व्य.स./अभिभावक | जम्मा |
|---|---|---|---|---|
| आर्थिक साहायता उपलब्ध गराउनु पर्ने | ३ | ३ | ४ | १० |
| पढाइमा कडाइ गर्नुपर्ने | - | १ | २ | ३ |
| परीक्षा सँधै लिने | १ | १ | २ | ४ |
| छात्रवृत्ति प्रदान गर्नुपर्ने | २ | २ | ४ | ८ |
| जम्मा | ६ | ६ | १२ | २४ |

प्रश्नावलीवाट प्राप्त नतिजा, २०६६

तालिका : ८ मा वालवालिकाको सिकाइ उपलब्धि वढाउने उपायहरु के हो ? भन्ने प्रश्नको जवाफमा प्र.अ. ६ जना मध्ये ३ जनाले आर्थिक साहायता उपलब्ध गराउनु पर्ने, २ जनाले छात्रवृत्ति वितरण गर्नुपर्ने भन्ने उत्तर दिएका थिए भने ६ जना शिक्षकमा ३ जनाले आर्थिक साहायता, २ जनाले छात्रवृत्ति र १ जनाले पढाइमा कडाइ गर्नुपर्ने वताए । अभिभावक सँग सोहि प्रश्न राख्दा ४ जनाले आर्थिक साहायता, २ जनाले पढाइमा कडाइ गर्नुपर्ने, २ जनाले परीक्षा सँधै लिने र ४ जनाले छात्रवृत्ति दिनुपर्ने वताएको पाइयो । समग्रमा २४ जनालाई भराइएको प्रश्नावलिमा १० जनाले आर्थिक साहायतामा चिन्ह लगाए, भने ८ जनाले छात्रवृत्ति

प्रदान गर्ने, ३ जनाले पढाइमा कडाइ गर्ने र ३ जनाले परीक्षा सँधै लिने उत्तर दिएका थिए । यसलाई अझ प्रष्ट पार्न तल प्रतिशत स्तम्भ चित्र प्रस्तुत गरिएको छ ।

चित्र : ४, सिकाई उपलब्धि वढाउन अवलम्वन गर्नुपर्ने उपायहरु

१ = प्र.अ.　　　२ = शिक्षक　　　३ = अभिभावक

माथिको प्रतिशत स्तम्भ चित्रवाट के प्रष्ट देख्न सकिन्छ भने प्र.अ., शिक्षक र अभिभावकको प्राप्त उत्तर अनुसार सवै भन्दा तल रहेको भाग र माथि रहेको भाग वढी रहेको र विचमा रहेका भागहरु अंशमात्र रहेको देख्न सकिन्छ । जसको अर्थ सिकाई उपलब्धि वढाउन आर्थिक साहायता र छात्रवृति दिनुपर्ने वढी प्रतिशतको मत रहेको छ ।

### ४.३.२. लक्षित समूहको दृष्टिकोण

छनोट गरिएका तथा अन्य सम्वन्धित व्यक्तिहरुसँग सोधपत्रको तथ्यलाई सत्य तथ्य पत्तालगाउन लक्षित समूह सँग छलफल गरिएको थियो । जसमा विद्यालयका शिक्षकका अनुसार अक्सर दुर्वल आर्थिक अवस्थाका विद्यार्थी सवल आर्थिक अवस्थाका विद्यार्थी भन्दा सिकाइमा कमजोर हुने, राज्यले पनि शिक्षामा कम लगानी गर्ने गरेको, गरिबका छोराछोरीको आज पनि शिक्षा भन्दा पहिलो समस्या गाँस, वास, कपास रहेको त्यसका लागि नै उनीहरु संघर्ष गरिरहनु पर्ने भएकाले शिक्षालाई कम महत्व दिएको, चेतना कमी भएको जस्ता विषयहरु छलफलमा उठेका थिए । त्यसै गरी समाजसेवी, वुद्धिजिवीले दुर्वल आर्थिक अवस्थाका वालवालिकाका लागि सिकाई उपलब्धि वढाउन राज्यले पहिले गरिबी निवारण गर्नुपर्ने, आर्थिक साहायता उपलब्ध गराउनु पर्ने वताएको पाइयो भने अभिभावकले नि : शूल्क शिक्षाको व्यवस्था गर्नुपर्ने, शिक्षा

सँगै काम पनि पाउने व्यवस्था हुनुपर्ने, रोजगारमूलक र व्यवहारिक शिक्षा हुनुपर्ने जस्ता छलफलका निचोडहरु थिए ।

प्राथमिक तहका वालवालिकाको सिकाई उपलब्धि वढाउन के कस्ता उपायहरु अवलम्वन गर्ने भनि छनोट गरिएका विद्यालयका प्र.अ., शिक्षक र अभिभावकलाई भराइएको प्रश्नावली अनुसार २४ जना मध्ये १० जनाले आर्थिक साहायता प्रदान गर्नुपर्ने, ८ जनाले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने वताएका थिए सोही अनुसार मार्क्स (१८१८-१८८३) ले सर्वहारा वर्गलाई उत्पादनको साधनको न्यायोचित वितरण गरेर न्याय दिन सकिने र वर्ग संघर्षबाट आफ्नो अधिकार प्राप्ति गर्न क्रान्ति जारी राख्नुपर्ने त्यस्तै टाइलर (१९११) ले शैक्षिक गुणस्तर वृद्धिगर्न कामदारको उत्पादन क्षमताको आधारमा पारिश्रमिक वृद्धि गर्नुपर्ने वताएका साथै पोखरेल (२०६२) ले छात्रवृत्ति निश्चित वर्ग र समूहलाई दिनुपर्ने, अन्य स्रोतमा खर्च गर्न नहुने छात्रवृत्तिले विद्यार्थीको नियमिततामा वृद्धि गरेको वताएका र नवौ योजना (२०५४) मा पनि साही कुरालाई जोड दिएको र यस अध्ययनको निचोडवाट पनि यही पूष्टि भएको छ ।

लक्षित समूह सँग गाराइएको छलफलवाट प्राप्त निष्कर्षमा दुर्वल विद्यार्थीको सिकाई कमजोर हुने, जसको दोष राज्य पनि हुने, शिक्षाको विकास गर्नु भन्दा पहिले गरिबी निवारण गर्नु पर्ने, रोजगारमूलक शिक्षा दिइनु पर्ने वताएकोमा यसलाई जोड दिदै टाइलर (१९११) ले पनि जोड दिएका र गुरुङ्ग (२०५५) ले पनि समर्थन गरेका र यस अनुसन्धानको निश्कर्ष पनि यही देखिन्छ ।

# परिच्छेद : पाँच
# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१. प्राप्तिहरु

५.१.१. विद्यार्थीहरु छनौट गर्दा पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी मध्ये ६० प्रतिशत दलित पर्नुले अधिकांश दलित विद्यार्थीहरु आर्थिक अवस्था कमजोर भएको यस अध्ययनले देखाएको छ। (तालिका : १ र २)

५.१.२. पारिवारिक आर्थिक अवस्था सवल र पारिवारिक आर्थिक अवस्थ दुर्वल भएका विद्यार्थीहरुले प्राप्त गरेको विषयगत प्रतिशतांकको औसतलाइ हेर्दा सवै विषयहरुमा आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको कम प्राप्ताङ्क ल्याएको पाइयो। (तालिका : ५)

५.१.३. पारिवारिक आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीको प्राप्ताङ्कमा सवै भन्दा वढी भिन्नता नेपाली विषयमा र सवै भन्दा कम भिन्नता सि.अ.क. र शारीरिक विषयमा पााइयो। (तालिका : ५ र चित्र : १ र २)

५.१.४. सिकाई उपलब्धिको विषयगत स्थितिलाइ हेर्दा सवैभन्दा कम सिकाइ उपलब्धि प्राप्त गर्ने सवल आर्थिक अवस्था भएका विद्यार्थीको गणित र दुर्वल आर्थिक अवस्था भएका विद्यार्थीको नेपाली भएको पाइयो। (तालिका : ३ र ४)

५.१.५. आर्थिक अवस्था सवल भएका विद्यार्थीको सवैभन्दा वढी सिकाई उपलब्धि नेपालीमा र दुर्वल अवस्था भएका विद्यार्थीको अंग्रजीमा भएको पाइयो। (तालिका : ३ र ४)

५.१.६. पारिवारक अवस्था सवल भएका विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिको मध्यमान तथा मध्यिका र पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीले प्राप्त

गरेको सिकाइ उपलब्धिको मध्यमान तथा मध्यिका बीच क्रमशः १६.५१ र १३.१ को भिन्नता अर्थात आर्थिक अवस्था सवल भएका विद्यार्थीको वढी रहेको पाइयो । (तालिका : ६)

५.१.७. दुवै अवस्थाका विद्यार्थीको सिकाइ उपलब्धिको मध्यमान र मध्यिका ६० भन्दा कम नै रहेको भेटियो । (तालिका : ६)

५.१.८. प्र.अ., शिक्षक, अभिभावक गरी जम्मा २४ जनालाइ भराइएको प्रश्नावलीमा १५ जनाले अर्थात ६२ प्रतिशतले आर्थिक अवस्थाको कारणले सिकाई उपलब्धिमा प्रभाव पार्ने वताएको पाइयो । (तालिका : ६ र चित्र : ३)

५.१.९. पारिवारिक आर्थिक अवस्था दुर्वल भएका वालवालिकाको सिकाइ उपलब्धि वढाउन के गर्नुपर्ला भन्ने प्रश्नको जवाफमा प्र.अ., शिक्षक र अभिभावकको राय वुझ्दा २४ जना मध्ये १० जनाले आर्थिक साहायता उपलब्ध गराउनु पर्ने, ८ जनाले छात्रवृत्ति दिनुपर्ने वताएको पाइयो । (तालिका : ८ र चित्र : ४)

५.१.१०.विभिन्न क्षेत्रका सरोकारवालाहरु जस्तै प्र.अ., शिक्षक, वि.व्य.स., शि.अ.सं, अभिभावक वुद्धिजिवी, राजनीतिज्ञ, सामाजसेवी पत्रकार नागरिक समाजसँगको छलफलको निष्कर्षमा गरिवीको कारणले सिकाइ न्यून हुने, घरको काम गर्नुपर्ने, खान लगाउन नै समस्या भएपछि शिक्षामा ध्यान नदिने, राज्यले पनि योजना वनाइ शिक्षामा लगानी नगरेको, अभिभावकको चेतनाको कमि, दलित र पिछडिएका वर्गको लागि विशेष शिक्षाको कार्यक्रम नभएको अदि जस्ता कारणले सवल आर्थिक अवस्था भन्दा दुर्वल आर्थिक अवस्थाका वालवालिकाको सिकाइ कम हुने वताएको पाइयो ।

## ५.२. निष्कर्ष

प्राथमिक तहका पारिवारिक आर्थिक अवस्था सवल र पारिवारिक आर्थिक अवस्था दुर्वल

भएका विद्यार्थीको सिकाइ उपलब्धि बीच कस्तो भिन्नता छ भन्ने विषयमा यो सोध केन्द्रित रहेको थियो । तथ्याङ्क संकलन, प्रस्तुतिकरण तथा ब्याख्या र विश्लेषण पश्चात पारिवारिक आर्थिक अवस्था सवल र पाविारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको सिकाई उपलब्धिमा सामान्य भिन्नता पाइएको छ । कतिपय धनि परिवारका विद्यार्थीको पनि वढी धन सम्पतिको कारणले वालवालिकाको सिकाई उपलब्धि खस्किएको र अत्यन्त दुर्वल आर्थिक अवस्थाका वालवालिकाको पनि खान लगाउन नै नसकि पढाइलाई वेवास्ता गरेको पाइयो । सामान्य आर्थिक अवस्था सवल भएका विद्यार्थीको उपलब्धि सन्तोषजनक  नै रहेको थियो ।

केहि उच्च परिवारका विद्यार्थीको प्राप्ताङ्कमा उतार चढाव देखियो अर्थात कुनै विषयमा वढी अंक प्राप्त गरेका कुनैमा धेरै कम प्राप्त गरेका थिए भने निम्न आय भएका विद्यार्थीको पनि सोहि अवस्था पाइयो । अक्सर धनि वर्ग जस्तै क्षेत्री, वाह्मण र जनजाती रहेका र दुर्वल आर्थिक अवस्थाका परिवारमा परियार, सार्की, वि.क. रहेका थिए । जेहन्दार र गरिव विद्यार्थीका लागि छात्रवृत्ति, आर्थिक साहायता, निः शूल्कवृत्ति, निः शूल्क पठ्यपुस्तक, पोशाक जस्ता सेवा उपलब्ध गराउन सके शिक्षाको गुणात्मकतामा वृद्धि गर्न थप सहयोग हुने देखिन्छ ।

संक्षेपमा भन्दा सवै अवस्थाका वालवालिकाहरुको सिकाई उपलब्धि स्तर साठी प्रतिशत भन्दा कम देखिएकोले विद्यार्थीको सिकाई उपलब्धि वढाउन दुर्वल आर्थिक अवस्थाका लागि विशेष योजना र सवल आर्थिक अवस्थाका लागि पनि थप कार्यक्रम बनाइ यथासिघ्र लागू गर्नुपर्ने देखिन्छ ।

## ५.३. सुझावहरु

प्राथमिक तहका विद्यार्थीको पारिवारिक आर्थिक अवस्था फरक हुँदा सिकाई उपलब्धि बीच कस्तो भिन्नता हुन्छ भनि यो अनुसन्धाान केन्द्रित रहेको थियो । साथै दुवै अवस्थाका विद्यार्थीको सिकाई उपलब्धि वढाउने उपाय के हुन्छ भन्ने उद्देश्यमा समेत यो अध्ययन आधारित रहेकोले विभिन्न अनुसन्धानका  लागि संकलन गरिएका  तथ्याङ्कहरुको आधार बनाइ केही सुझावहरु प्रस्तुत गरिएको छ ।

५.३.१. पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थीमा एक जना पनि दलित नपर्नु र पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीमा साठी प्रतिशत दलित पर्नुले दलितहरुको आर्थिक उन्नति गरेमा स्वतः दुर्वल आर्थिक अवस्थाका वालवालिकाको शैक्षिक सुधार हुने हुँदा हाल दिदै आएको दलित छात्रवृत्ति वढाउने, गरिबीको रेखामुनि रहेका विद्यार्थीलाइ नि : शूल्क वृति, पुस्तक, कापी, कलम, पोशाक र थप आर्थिक साहायता उपलब्ध गराउने ।

५.३.२. पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको सबै जसो विषयमा कम प्रतिशत प्राप्ताङ्क भएकोले उनीहरुका लागि थप कक्षा संचालन तथा विशेष कक्षाको व्यावस्था गर्नुपर्ने ।

५.३.३. सि.अ.क. र शारीरिक विषयमा अन्य विषय भन्दा दुवै अवस्थाका वालवालिकाको प्राप्ताङ्कमा कम भिन्नता पाइएकोले यी विषयमा जस्तै अन्य विषयमा पनि विद्यार्थी केन्द्रित विधि र कृयाकलापमा आधारित शिक्षण प्रकृया अपनाउनु पर्ने ।

५.३.४. सवल आर्थिक अवस्थाका विद्यार्थीको पनि गणित विषयमा कमजोर उपलब्धि देखिएको र राष्ट्रिय रुपमा पनि गणित विषयमा सिकाई उपलब्धि कम हुने भएकाले यसका लागि शिक्षण विधि, शिक्षम तालिम, पाठ्यक्रम परिमार्ज गरी लागू गर्नुपर्ने ।

५.३.५. पारिवरिक आर्थिक अवस्था सवल भएका भन्दा दुर्वल भएका विद्यार्थीको मध्यमान मध्यिका बीच ठूलो अन्तर रहेकाले दुर्वल अवस्था भएका विद्यार्थीको उपलब्धि वढाउन आर्थिक साहायता दिनु पर्ने ।

५.३.६. सवल आर्थिक अवस्था भएका विद्यार्थीको पनि सिकाई उपलब्धि साठी प्रतिशत भन्दा कम भएकाले उनीहरुको लागि विद्यार्थी केन्द्रित विधि, शैक्षिक सामग्रीको प्रयोग तथा उपयुत्त शिक्षण विधि प्रयोग गर्नुपर्ने ।

५.३.७. पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्व आर्थिक भएकाले कमजोर अवस्थाका परिवारलाई आर्थिक स्तर उठाउने,

रोजगारी प्रदान गर्ने, आधुनिक प्रविधिवाट व्यवसाय संचालन गराउनुका साथै अभिभावकलाई आर्थिक सक्षम वनाउनु पर्ने ।

५.३.८. पारिवारिक आर्थिक अवस्था दुर्वल भएका विद्यार्थीको सिकाई उपलब्धि वढाउन शिक्षामा लगानी वढाउनु पर्ने, विशेष छात्रवृतीको व्यवस्था गर्नुपर्ने, अभिभावकमा चेतना जगाउनु पर्ने, अध्ययन सँगसँगै आर्थिक उपार्जन गर्ने खालको पाठ्यक्रम तथा शिक्षा हुनुपर्ने, निरन्तर मूल्याङ्कनलाइ जोड दिनुपर्ने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दि व्यवस्था तथा विद्यालयको स्थापना हुनुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाइनु पर्ने, शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गराइनु पर्ने देखिन्छ ।

# सन्दर्भसामग्री

१. अन्तर्राष्ट्रिय मन्च (२०६७),**वर्षः २६,अंक ७,** काठमाण्डौ : अन्तर्राष्ट्रिय मन्च छापाखाना प्रा.लि. अनामनगर ।

२. काफ्ले,वासुदेव र साथीहरु(२०६४), **शिक्षाको वित्तशास्त्र,** काठमाण्डौ : सनलाईट प्रकाशन, कीर्तिपूर ।

३. खनाल, पेशल (२०६१), **शैक्षिक अनुसनधान पद्धति**, काठमाण्डौ : एस्टुडेन्ट वुक्स प्रकाशन, किर्तिपूर ।

४. गुरुङ्ग, कान्ती (२०५५), **परोपकार अनाथलयमा आश्रित वालवालिकाको सामाजिक शैक्षिक र शारीरिक अध्ययन,** काठमाण्डौ : (अप्रकाशित शोधकृति) महेन्द्ररत्न क्याम्पर ताहाचल ।

५. नेपाल सरकार, शिक्षा मन्त्रालय (२०५८), **विद्यालय तहको तथ्याङ्क**, भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

६. पोखरेल, शिवराज (२०६३), **चितवन गीतानगर श्रोतकेन्द्र अन्तर्गत वितरित दलित छात्रवृतिको प्रभावकारीता एक अध्ययन,** काठमाण्डौ : (अप्रकाशित शोधकृति) महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

७. पौडेल, लेखनाथ (२०५०), **शैक्षिक प्रकृया र नेपालमा शिक्षा,** काठमाण्डौ : प्रतिभा पुस्तक भण्डार, भोटाहीटी ।

८. शिक्षा ऐन (२०२८), **सातौं संशोधन,** काठमाण्डौ : नेपाल सरकार कानुन तथा न्याय मन्त्रालय, ववरमहल ।

९. शिक्षा नियमावली (२०६०), **प्रथम संशोधन,** काठमाण्डौ : नेपाल सरकार कानुन तथा न्याय मन्त्रालय, ववरमहल ।

१०. EDSC,(1999), National Assessment of Grade V Student $ Kathmandu : DEO, Sanothimi.

# अनुसूची : १

## प्र.अ.कालागि प्रश्नावली

**नाम :** ..................................... **विद्यालय :** ..............................
**ठेगाना :** ............................................

१. के तपाइको विद्यालयमा शिक्षक दरवन्दिको व्यवस्था के छ ?

उ.मा.वि. ............ मा.वि. ............. नि.मा.वि. ............ प्रा.वि. ...............

२. तपाइको विद्यालयमा तहगत विद्यार्थीको संख्या के छ ?

उ.मा.वि. ............ मा.वि. ............. नि.मा.वि. ............ प्रा.वि. ...............

३. तपाइको विद्यालयमा शिक्षा नियमावलीको नियम १५२ को पहिलो विकल्प अनुसार आर्थिक अवस्था सवल र दुर्वल भएका विद्यार्थीको कक्षागत रुपमा छुट्टियाउनुहोस ।

४. आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको लागि तलका मध्ये कुन छात्रवृतिको कार्यत्रम संचालन भएको छ ?

क) महिला छात्रवृति ख) दलित छात्रवृति ग) अपाङ्ग छात्रवृति घ) गरिव छात्रवृति

५.छात्रवृति प्राप्त गरेका विद्यार्थीले प्राप्त गर्नु पूवृ र छात्रवृति प्राप्त गरे पश्चात उपलब्धि स्तरमा कुनै भिन्नता छ वा छैन ?

६. वालवालिका सिकाइमा कमजोर हुने कारणहरु के के होलान ?

क) आर्थिक अवस्था ख) दिमागको कारण

ग) विद्यार्थीको लगनशिलता घ) शिक्षकको. तालिम

७. सिकाई उपलब्धि वढाउने उपाय के के होलान ?

क) अर्थिक साहायता उपलब्ध गराउने ख) पढाइमा कडाइ गर्ने

ग) परीक्षा सँधै लिने ग) छात्रवृति प्रदान गर्ने

८. तपाइको विद्यालयमा सिकाइ उपलब्धि वढाउने कुनै उपाय वनाउनु भएको छ वा छैन ?

९. स्टाफ वैठकमा सिकाई उपलब्धि वढाउने उपायमा छलफल भएको छ वा छैन ?

१०. आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाइ कुन कुन संथाले छात्रवृति प्रदान गरेको छ ?

११. तपाइको विद्यालयमा तालिम प्राप्त र अप्राप्त शिक्षक को अवस्था कस्तो छ ?

# अनुसूची : २

## शिक्षकका लागि प्रश्नावली

**नाम :** ....................................... **विद्यालय :** ..................................

**पद :** ......................... **तह :** .................

१. विद्यार्थीको सिकाइ उपलब्धि भन्नाले के बुभ्नुहुन्छ ?

२. हाल सम्म विद्यार्थीको सिकाई उपलब्धिलाइ विश्लेषण गरेर हेर्नु भएको छ छैन ?

३. वालवालिका सिकाइमा कमजोर हुने कारणहरु के के होलान ?

क) आर्थिक अवस्था ख) दिमागको कारण

ग) विद्यार्थीको लगनशिलता घ) शिक्षकको. तालिम

४. आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाइ सिकाइ उपलब्धि वढाउन के गर्नु पर्ला ?

क) ड्रेस कितावको व्यवस्था ख) आर्थिक साहायता

ग) छात्रवृति घ) निः शूल्क शिक्षा

५. सिकाइ उपलब्धि वढाउन के गर्नुपर्ला ?

क) अर्थिक साहायता उपलब्ध गराउने ख) पढाइमा कडाइ गर्ने

ग) परीक्षा सँधै लिने घ) छात्रवृति प्रदान गर्ने

६. आर्थिक अवस्थाले सिकाइमा प्रभाव पार्छ की पार्दैन ?

७. सिकाइ उपलब्धि न्यून हुनुको कारणहरु के हालान ?

८. सिकाइ उपलब्धि वढाउने उपाय अन्य कुनै छन् ?

९. छात्रवृतिले सिकाइमा कस्तो असर पर्छ ? सकारात्मक कि नकारात्मक ?

१०. अन्य कुनै निकायवाट तपाइको विद्यालयमा छात्रवृति सम्वन्धि कार्यक्रम के कस्तो सांचालन भएका छन् ?

# अनुसूची : ३

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

**नाम :** ...................................... **ठेगाना :** .................................

**वच्चाको नाम :** ......................... **अध्ययन गर्ने विद्यालय :** ................

१. आफ्नो परिचय बताइदिनुहुन्छ की ?

२. तपाइको अम्दानीका स्रोतहरु के के होलान ?

३. तपाई आफुलाइ कुन स्तरमा राख्नुहुन्छ ? ( धनि, मध्यम, गरिव)

४. वालवालिका सिकाइमा कमजोर हुने कारणहरु के के होलान ?

क) आर्थिक अवस्था ख) दिमागको कारण

ग) विद्यार्थीको लगनशिलता घ) शिक्षकको. तालिम

५. सिकाई उपलब्धि वढाउने उपाय के के होलान ?

क) अर्थिक साहायता उपलब्ध गराउने ख) पढाइमा कडाइ गर्ने

ग) परीक्षा सँधै लिने ग) छात्रवृति प्रदाान गर्ने

६. आर्थिक अवस्था सवल र दुर्वल भएका वालवालिकाको कस्को सिकाइ उपलब्धि वढी हुन्छ ?

७. विधालयमा तपाइले कति फि तिर्नुहुन्छ ?

८. धनिका छोराछोरी र गरिवका छोराछोरी बीच के भिन्नता पाउनु भएको छ ?

# अनुसूची : ४

## आर्थिक अवस्था अनुसार विद्यार्थी छनोट फारम

**विद्यालयको नाम :** ........................ **ठेगाना :** ..............................

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| | | |
| | | |
| | | |

# अनुसूची : ५

## प्राप्ताङ्क अभिलेख फारम

**विद्यालय :** ................................ **ठेगाना :** .............................

| क्र.सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ.क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

प्राथमिक तहका विद्यार्थीको पारिवारिक आर्थिक अवस्था र सिकाइ उपलब्धि

# अनुसूची : ६

## छनोट गरिएका विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक विवरण

१. विद्यालय : श्री उ.मा.वि. मुर्कुची ठेगाना : रौता - ९, उदयपुर ।

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| ५ | रोसन कार्की | सुवास वि.क. |
| ५ | सविना मगर | सरस्वती परियार |
| अभिधावक | नारायणबहादुर कार्का | सेते परियार |

प्र.अ.: खड्गबहादुर थापा शिक्षक : भिमबहादुर मगर

२. विद्यालयको नाम : श्री प्रा. वि. धाङ्ले ठेगाना : रौता - ९ उदयपुर ।

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| ५ | सिर्जना समाल | सम्झना सार्की |
| ५ | केदार कार्की | राम ब.घले |
| अभिभावक | मेहनाथ मगर | घनबहादुर घले |

प्र.अ.: लक्ष्मी तामाङ शिक्षक : मेखबहादुर तामाङ

३. विद्यालयको नाम : श्री प्रा. वि. व्याङ्री ठेगाना : चिलाउने ८, उदयपुर ।

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| ५ | विक्रम तामाङ | ममता परीयार |
| ५ | सम्झना दाहाल | जनक मैनाली |
| अभिभावक | भेलाप्रशाद दाहाल | सिवजी परियार |

प्र.अ. : सितामाया तामाङ शिक्षक : सुवास थापा

४. विद्यालयको नाम : श्री प्रा. वि. डिल्लिवर,  ठेगाना : रौता ८ , उदयपुर ।

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| ५ | नविन मगर | कृष्णा मगर |
| ५ | आङ्पासी सेर्पा | छलिमाया तामाङ |
| अभिभावक | सोनाम सेर्पा | गंगा मगर |

प्र.अ. : टेकबहादुर मगर  शिक्षक : गणेश मगर

५. विद्यालयको नाम : श्री मा.वि. रानिवास ,  ठेगाना : रौता ५ , उदयपुर ।

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| ५ | प्रवेश कोइराला | कमल खड्का |
| ५ | सुस्मिता मगर | डिक ब. वि.क. |
| अभिभावक | सेवक मगर | तिलक वि.क. |

प्र.अ. : कृष्ण दनुवार  शिक्षक : कृष्णा श्रेष्ठ

६. विद्यालयको नाम : श्री प्रा.वि. आहाले ,  ठेगाना : चिलाउने ३ , उदयपुर ।

| कक्षा | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी | पारिवारिक आर्थिक अवस्था सवल भएका विद्यार्थी |
|---|---|---|
| ५ | अनिश मगर | मेनुका वि.क. |
| ५ | शेखर गुरुङ्ग | सन्ते परियार |
| अभिभावक | शान्ति गुरुङ | झनक वि.क. |

प्र.अ.: विरबहादुर वस्नेत  शिक्षक : हरि वस्नेत

# अनुसूची : ७

## विद्यार्थीले प्राप्त गरेका उपलब्धि विवरण

विद्यालयको नाम : श्री उ.मा.वि. मुर्कुची ठेगाना : रौता - ९, उदयपुर ।

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ .क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रोसन कार्की | ४९ | ३८ | ३९ | ४८ | ४२ | ४० | ४० | ६४ | ३७८ | ५४ | |
| २. | सविना मगर | ७७ | ८४ | ७८ | ८१ | ७१ | ३८ | ३५ | ५६ | ५१८ | ७४ | |
| ३ | सुवास वि.क. | ३५ | ४१ | ४२ | ३८ | ४७ | २० | २१ | ४६ | २९० | ४१.४२ | |
| ४ | सरस्वती परियार | ३८ | ५२ | ४३ | ६५ | २४ | २४ | २१ | ५६ | ३२३ | ४६.१४ | |

विद्यालयको नाम : श्री प्रा. वि. धाङ्ले ठेगाना : रौता - ९, उदयपुर ।

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ .क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सिर्जना समाल | ६८ | ५४ | ७८ | ४२ | ६५ | २५ | २८ | ८१ | ४४१ | ६३ | |
| २. | केदार कार्की | ३८ | ४२ | ५७ | ४८ | ३६ | ३२ | २८ | ६२ | ३४३ | ४९ | |
| ३. | सम्झना सार्की | ३७ | २४ | २८ | ३९ | ५४ | २१ | २१ | ५४ | २५७ | ३६.७१ | |
| ४. | राम ब.घले | ४८ | ३८ | ३२ | ३६ | ४८ | ३९ | १८ | १४ | २७३ | ३९.०० | |

विद्यालयको नाम : श्री प्रा. वि. व्याङ्री ठेगाना : चिलाउने - ८, उदयपुर

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ .क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विक्रम तामाङ | ३९ | ४१ | ४५ | ८४ | ३६ | २३ | २५ | ५७ | ३५० | ५० | |
| २. | सम्झना दाहाल | ८१ | ३५ | ३८ | ४१ | ८१ | ३६ | २४ | ६३ | ३९९ | ५७ | |
| ३. | ममता परीयार | ५४ | २३ | ५४ | ३८ | ४२ | २४ | २८ | ५४ | ३१७ | ४५.२८ | |
| ४. | जनक मैनाली | ६५ | ५४ | २८ | ३५ | ४८ | २१ | २० | ४१ | ३१२ | ४४.५७ | |

विद्यालयको नाम : श्री प्रा. वि. डिल्लिवर, ठेगाना : रौता ८ , उदयपुर ।

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ .क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | नविन मगर | ९३ | ३२ | ४८ | ३६ | ५१ | २८ | २६ | ४३ | ३५७ | ५१ | |
| २. | आङ्पासी सेर्पा | ७५ | ६१ | ८४ | ७१ | ६८ | ४२ | ३२ | ६३ | ४२० | ६० | |
| ३. | कृष्णा मगर | २३ | ६८ | २८ | ६३ | २४ | ३८ | ३० | ४५ | ११९ | ४५.५७ | |
| ४. | छलिमाया तामाङ | ४८ | ५४ | २८ | ४९ | ३८ | ४८ | १८ | ३५ | ३१८ | ४५.४२ | |

विद्यालयको नाम : श्री मा.वि. रानिवास , ठेगाना : रौता - ५ , उदयपुर ।

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ .क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रवेश कोइराला | ६५ | ३८ | ७१ | ४५ | ४८ | २६ | २४ | ६८ | ३८५ | ५५ | |
| २. | सुस्मिता मगर | ७४ | ५२ | ७१ | ७८ | ७३ | २९ | ३६ | ६३ | ४८० | ६८ | |
| ३. | कमल खड्का | ४२ | ३६ | ४८ | ५४ | ६८ | ३० | २० | ४० | ३३८ | ४८.२८ | |
| ४. | डिक ब. वि.क. | ३६ | ३४ | ४८ | ६४ | २३ | २१ | ११ | ४८ | २८५ | ४०.७१ | |

विद्यालयको नाम : श्री प्रा.वि. आहाले , ठेगाना : चिलाउने - ३ , उदयपुर ।

| क्र. सं. | विद्यार्थीको नाम | ने. | ग. | सा. | अं. | वा. | सि.अ .क | शा. | ऐ. | जम्मा | % | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | अनिश मगर | ७१ | ६२ | ६८ | ४१ | २९ | २५ | २५ | ६४ | ३८५ | ५५ | |
| २. | शेखर गुरुङ्ग | ५१ | ६८ | ४९ | ६४ | ४६ | ३२ | ३१ | ६५ | ४०६ | ५८ | |
| ३. | मेनुका वि.क. | ३८ | ३७ | ३२ | ३२ | ४१ | १५ | १८ | ४१ | २५४ | ३६.२८ | |
| ४. | सन्ते परियार | ५४ | ०५ | ३८ | ११ | ३० | १५ | १८ | ३६ | २०७ | २९.५७ | |